महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८१/८२

## चौरजहारी नगरपालिका, रुकुम

## ८०६५९४०२३००

## रुकुम पश्चिम भाग

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८२/८३ मिति : २०८२-७-२

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
चौरजहारी नगरपालिका, रुकुम ,
रुकुम पश्चिम भाग

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को एकीकृत वित्तीय विवरण तथा सोसँग सम्बन्धित अनुसूची, टिप्पणीहरू तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२।०५। १७ मा छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ।
कार्यालयबाट पेस भएको वित्तीय विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम वित्तीय विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित बेहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन २०७६ सङ्घीय ऐनको दफा 37(1) वमोजिम ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने बेहोरा निर्देशानुसार अनुरोध गर्दछु।

कमल राज अर्याल
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, rukum.dtco@fcgo.gov.np
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, rukum.ptco@fcgo.gov.np

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु, स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु, स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु र स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक,आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०५ देखि २०८२।०५।०९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजस्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय – व्ययतर्फ रु. ११००१४४२४१.०४, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु.११००१४४२४१.०४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२९७७७६.२१ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | विभिन्न विद्यालयहरुलाई बढि निकाशा भएको पाठ्यपुस्तक र छात्रवृत्ति अनुदान | १४५९२० |
| २ | अनुगमन भत्ता बढी भुक्तानी असूली | १८००० |
| ३ | कर दाखिला कम भएको असूली | २३४७० |
| ४ | महिला बहुउद्देश्यीय भवनको बढी भुक्तानी असूली | ११२२८.२१ |
| ५ | बढि ग्रेड भुक्तानी | १०००० |
| ६ | स्वास्थ्य स्वंय सेविकाको सामाजिक सुरक्षा कर | ३८०० |
| ७ | पाठ्यपुस्तक बढि निकाशा आधारभुत विद्यालय घर्तिकाँडा | ५१६१ |
| ८ | पाठ्यपुस्तक बढि निकाशा आधारभुत विद्यालय लहरेसिम | १२३९० |
| ९ | शितल मा वि स्थलगत परिक्षणबाट हाजिरी किताब र IEMIS मा फरक परेको विद्यार्थी संख्याको बढि पाठ्यपुस्तक रकम निकाशा रु ३५४२४ र नियमित पाठ्यपुस्तक बढि निकाशा रु ३२३८३ समेत जम्मा रु ६७८०७ | ६७८०७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकिकृत विवरण**

आर्थिक कारोबारको एकीकृत विवरण- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । यस पालिकाले तयार गरेको म.ले.प.फारम नं. २७० को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) यस वर्षको कुल जम्मा प्राप्ति रु. ५४,८८,२८,३७३.५८ तथा कुल जम्मा भुक्तानी रु.५५,१३,१५,८६७.४६ रहेको छ । साथै अन्तरसरकारी हस्तान्तरण तर्फ रु.१२४४५३२१३.२ निकासा प्राप्त भई खर्च भएको आर्थिक कारोबारको एकीकृत विवरण देहाय अनुसार रहेको छ ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | 129529993.7 | चालु खर्च | | 384019616.9 |
| १.संचित कोष | 26771395.16 | | १. पालिका तर्फ | 166294628.9 | |
| २.धरौटी | 22339391 | | २. संघीय सशर्त | 213449996 | |
| ३.विविध खर्च खाता | 9942744.69 | | ३. संघीय विशेष | 0 | |
| ४. प्रकोप व्यवस्थापन कोष खाता | 70477138.81 | | ४. प्रदेश सशर्त | 1295000 | |
| यस वर्षको आय | | | ५. प्रदेश विशेष | 2979992 | |
| १.आन्तरिक आय | | 26729834.98 | पुँजीगत खर्च | | 155294347.6 |
| २. वित्तीय हस्तान्तरण (संघ) | | 463835924.70 | १. पालिका तर्फ | 55676598 | |
| क) समानीकरण अनुदान | 92585840 | | २. संघीय सशर्त | 34614843 | |
| ख) राजस्व बाँडफाँट | 89721084.68 | | ३. संघीय विशेष | 0 | |
| ग) सशर्त अनुदान | 272079000 | | ४. संघीय समपुरक | 8830135 | |
| घ) समपुरक अनुदान | 9450000 | | ५. प्रदेश सशर्त | 52934717.56 | |
| ङ) विशेष अनुदान | 0 | | ६. प्रदेश विशेष | 0 | |
| च) रोयल्टी | | | ७. प्रदेश समपुरक | 3238054 | |
| छ) अन्य | | | अन्तर सरकारी अख्तियारी (संघ) | | 124453213.2 |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | 73572922.2 | क) सामाजिक सुरक्षा | 118804213.2 | |
| क) समानीकरण अनुदान | 11313000 | | ख) विद्यालय शिक्षा योजना -(प्रदेश तथा स्थानीय तह) | 804000 | |
| | | | ग) उच्च पहाडी तथा हिमाली क्षेत्र समृद्धी कार्यक्रम | 3500000 | |
| ख) राजस्व बाँडफाँट | 1107270.2 | | घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्र | 1345000 | |
| ग) सशर्त अनुदान | 54744018 | | अन्तर सरकारी अख्तियारी (प्रदेश) | | 7014027 |
| घ) समपुरक अनुदान | 3408634 | | ऋण फिर्ता(साँवा) | | |
| ङ) विशेष अनुदान | 3000000 | | ऋणको ब्याज भुक्तानी | | |
| च) रोयल्टी | 0 | | धरौटी फिर्ता तथा सदर स्याहा | | 9997604 |
| छ) अन्य | 0 | | विविध खर्च खाता आय | | 15036104.83 |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | 124453213.2 | प्रकोप व्यवस्थापन कोष | | 165636434 |
| क) सामाजिक सुरक्षा | 118804213.2 | | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | |
| ख) विद्यालय शिक्षा योजना -(प्रदेश तथा स्थानीय तह) | 804000 | | अन्य सहयोगमा सञ्चालित योजना | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ग) उच्च पहाडी तथा हिमाली क्षेत्र समृद्धी कार्यक्रम | 3500000 | | वित्तिय व्यवस्था खर्च खाता | | 12000000 |
| घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्र | 1345000 | | | | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | | 7014027 | अनुदान फिर्ता | | 25338914.44 |
| ६. ऋण/ वित्तीय व्यवस्था | | | १. संघ तर्फ | 24634026 | |
| ७. धरौटी आय | | 10390603 | क) सशर्त अनुदान | 24014161 | |
| ८. विविध खर्च खाता आय | | 10425467.38 | ख) विशेष अनुदान | 0 | |
| ९. प्रकोप व्यवस्थापन कोष आय | | 103255000 | ग) समपुरक अनुदान | 619865 | |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | | २. प्रदेश तर्फ | 704888.44 | |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | | क) सशर्त अनुदान | 514300.44 | |
| १२. स्थानीय राजश्व बाडँफाट | | 10028606.16 | ख) विशेष अनुदान | 20008 | |
| | | | ग) समपुरक अनुदान | 170580 | |
| | | | अन्तिम मौज्दात | | 60445330.33 |
| | | | १. संचित कोषको मौज्दात | 24285128.28 | |
| | | | २. धरौटी | 22732390 | |
| | | | ३. विविध खर्च खाता | 5332107.24 | |
| | | | ४. प्रकोप व्यवस्थापन कोष खाता | 8095704.81 | |
| जम्मा | 959235592.28 | | जम्मा | | 959235592.28 |

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)** सैद्धान्तिक बेरूजु

## ३ वित्तीय विवरणको परीक्षण

३.१ वित्तीय प्रतिवेदन(म.ले.प.फारम नं.२७०) :आर्थिककार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ मा सङ्घ, प्रदेश तथा स्थानीयतहले नेपाल सरकारवाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०८।२० को निर्णयवाट स्वीकृतनेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ (Nepal Public Sector Accounting Standards-NPSAS) अनुसार यस पालिकाले स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (SuTRA) मार्फत म.ले.प.फारम नं.२७० तयार गरेको छ ।उक्त स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (SuTRA)मार्फत तयार गरेको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट रगैरबजेट निकाय) म.ले.प.फारम नं.२७० को विस्तृत विवरण अनुसूची खण्डमा समावेश रहेको छ । उक्त वित्तीय विवरण, सो वित्तीय विवरणको अंगको रुपमा रहेका टिप्पणी तथा अनुसूचीहरुको परीक्षण गर्दा देखिएका थप ब्यहोराहरु देहाय वमोजिम रहेका छन्।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)** सैद्धान्तिक बेरूजु

३.२ **ऋण तथा शेयर लगानी**--एकीकृत वित्तीय विवरणको टिप्पणी नं. टिप्पणी ४.१ऋण तथा शेयर लगानीप्रविष्टिको लागिव्यवस्था गरेको छ । पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । चौरजहारी नगरपालिकाको शेयर लगानी सम्बन्धी

कार्यविधि २०८१ को दफा ३ मा नगरपालिकाको सुरक्षा, तरलता, प्राप्त हुनसक्ने प्रतिफल र स्थानीय रोजगारी सिर्जना गर्नसक्ने उधोग, हाइड्रोपावर, कृषि कम्पनीमा शेयर लगानी गर्नसक्ने उल्लेख छ ।कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा लि.न. १९६३१५ मा दर्ता भएको स्यार्पु पावर कम्पनि लिमिटेडमा संस्थापक शेयरधनिको रुपमा चौरजहारी नगरपालिकाको लगानी रु.६ करोड २९ लाख पुगेको छ ।आर्थिक वर्ष २०८१।८२ मा मात्र यस पालिकाले समानीकरण अनुदानबाट तथा राजस्व वाँडफाडबाट मिति २०८१।०६।११ को नगर कार्यपालिकाको निर्णयबाट रु.८० लाख र वित्तीय ब्यवस्थापन शिर्षकमा विनियोजन गरी राजस्व वाँडफाँड बाट रु.१ करोड २० लाख समेत रु.२ करोड शेयरमा लगानी गरेको छ । आन्तरिक स्रोतको संकलन न्यून रहेको र लगानीको लागि प्रयाप्त स्रोत नभएको स्थितिमा नाफामुलक लिमिटेड कम्पनिमा लगानी गर्ने पालिकाले वितीय समानीकरण र राजस्व बाँडफाँडको रकममा भरपर्नुपर्ने आवस्था छ ।आधारभूत भौतिक संरचना, शिक्षा, स्वास्थ्य, कृषि र सेवा प्रवाह प्रभावकारी रुपमा संचालन गर्न स्रोत अपूग रहेको आवस्थामा खर्च प्राथामिकरण गर्दा विनियोजन दक्षता कायम हुनेगरी स्रोतको परिचालन हुनुपर्दछ।लगानीको जोखिम र त्यसबाट प्राप्त हुने दिगो प्रतिफलको सुनिश्चितता हुनेगरी शेयरमा लगानी गर्नुपर्ने, शेयर लगानीको रुपमा खर्च लेखाङ्कन गरेको रकम पालिकाले आयव्यय विवरणमा लगानीको रुपमा देखाउनु पर्नेमा सोको पालना भएको छैन् ।पालिकाले यस आर्थिक वर्षको लगानीमात्र वित्तिय विवरणमा देखाएको छ।विगतको लगानी समेत अल्या गरी अद्यावधिक लगानीलाई वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.३ लेखापरीक्षणबाट कायम भएको बेरुजु: एकीकृत वित्तीय विवरणको टिप्पणी नं. १७ मा आन्तरिक तथा अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजु प्रविष्टिको लागि व्यवस्था गरेको छ । पालिका एकीकृत वित्तीय विवरणको टिप्पणी नं. १७ मा वेरुजुको अभिलेख प्रविष्ट गरिएको छैन्। गत वर्षको अन्तिम लेखापरीक्षण गरी रु.२९९५८३४५० बेरुजु बाँकी रहेकोमा उक्त वेरुजु आर्थिक वर्ष २०८१।८२ को वितीय विवरणको टिप्पणीमा प्रविष्टि गरेको गरेको देखिएन । पालिकाले उक्त विवरण समावेश गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.४ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको गत आर्थिक वर्षको अन्तमा श्रेस्ता अनुसार र वैंक स्टेटमेन्ट अनुसारको खाताको अन्तिम मौज्दात देहाय अनुसार छ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०८२।३।३१को बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८२।३।३१ को बाँकी |
|---|---|---|---|
| 1. | ग २.७, विविध खर्च खाता | ५३,३२,१०७.२४ | ५३,३२,१०७.२४ |
| 2. | ग ३.१, स्थानीय तह धरौटी खाता | २,२७,३२,३९०.०० | २,२७,३२,३९०.०० |
| 3. | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | २,४२,८५,१२८.२८ | २,४२,८५,१२८.२८ |
| 4. | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ८०,९५,७०४.८१ | ८०,९५,७०४.८१ |

सैद्धान्तिक बेरुजु

## ४ अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ४५ मा संघीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तातरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा वाँकी रहेको सर्शत अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नु पर्ने ब्यवस्था छ।संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण अनुसार २०८२ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रकम रू.२५३३८९१४.44 मिति २०८२ असार मसान्तमा निकासा फिर्ता गरेको छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम | फिर्ता रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | 272079000 | 248064839 | 24014161 | 24014161 |
| | विषेश | - | - | - | - |
| | समपुरक | 9450000 | 8830135 | 619865 | 619865 |
| | **जम्मा** | 281529000 | 256894974 | 24634026 | 24634026 |
| प्रदेश सरकार | शसर्त | 54744018 | 54229717.56 | 514300.44 | 514300.44 |
| | विषेश | 3000000 | 2979992 | 20008 | 20008 |
| | समपुरक | 3408634 | 3238054 | 170580 | 170580 |
| जम्मा | | 61152652 | 60447763.56 | 704888.44 | 704888.44 |
| कुल जम्मा | | ३४२६८१६५२.०० | ३१७३४२७३७.५६ | २५३३८९१४.४४ | 25338914.44 |

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक नियन्त्रण प्रणाली**

५.१ स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

**वजेट व्यवस्थापनतर्फ**

• नगरपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• नगरपालिकाले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको

• नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

**सार्वजनिक खरिद व्यवस्थापनतर्फ**

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको खरिद व्यवस्थापन तर्फ

• नगरपालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। नगरपालिकाले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य नभएको

• नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको

**शिक्षातर्फ**

• नगरपालिकाले नगरपालिका भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गर्ने व्यवस्था कार्यान्वियन नभएको ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको ,

• नगरपालिका अन्तर्गत रहेका सामुदायिक विधालयहरुका सबै त्रियाकलापहरुको कार्यपालिका बाट नियमित रुपमा अनुगमन गर्ने व्यवस्था छ । पालिकाले विद्यालय अनुगमन मापदण्ड निर्धारण नगरेको साथै अनुगमन गरि प्रतिवेदन समेत तयार गरी सार्वजनिक गरेको पाईएन ।

• नगरपालिकाभित्र रहेका सम्पूर्ण निजि विद्यालयहरुका निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र अनुगमन गर्नुपर्ने व्यवस्था रहेकोमा निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र मापदण्ड बमोजिम अनुगमन गरेको छैन । शुल्क निर्धारण र त्यसको कार्यान्वियनको अनुगमन गरेको र अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।

• कार्यालयले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड नबनाएको र मापदण्ड बमोजिम अनुगमन गरेको छैन अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरि प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा सो वमोजिम कुनैपनि त्रियाकलाप सञ्चालन गरेको पाईएन ।

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी नरहेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फस्र्छौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको देखियो।

उपरोक्त अवस्थाहरुमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई ब्यवस्थित बनाउन तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.२ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था बमोजिम नगरकार्यपालिकाले नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका जारी गरेको छैन ।

सैद्धान्तिक बेरुजु

५.३ आन्तरिक लेखापरीक्षणः स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले अन्तर अख्तियारी मार्फत (CGAS) निकासा भएको रकमको नियमानुसार आन्तरिक लेखापरीक्षण गरेकोमा पालिकाको सुत्र तर्फको आय व्ययको आन्तरिक लेखापरीक्षण गरेको पाईएन । पालिकामा हालसम्म आन्तरिक लेखापरीक्षकको दरबन्दी रिक्त रहेको पाईएको हुँदा नियमानुसार पदपुर्ति गरी कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५.४ पालिकाअन्तर्गत प्रयोग भएका सफ्टवेयरहरुको सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा परीक्षण गर्दा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नदेखिएको,म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल कार्यान्वयन नभएको,सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको लगायतका कमी कमजोरी देखिएका छन्। ब्यवस्थित र सुरक्षित सूचना प्रविधि प्रणाली स्थापना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ६ सेवा प्रवाह विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। यस पालिका तथा अन्तर्गतका वडाबाट यसवर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

| विवरण | निवेदनदर्ता |
|---|---|
| स्वीकृत घर नक्सादर्ता पास | ३५ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ६९४ |
| मृत्युदर्ता | १४६ |
| बसाईसराईदर्ता | २५७ |
| विवाहदर्ता | ३५१ |
| सम्बन्धविच्छेददर्ता | १९ |
| **पूर्वाधारविकाससडकनिर्माण** | |
| कालो पत्रे सडक निर्माण | 0 |
| कालो पत्रे सडक मर्मत | 0 |
| ग्राभेल सडक निर्माण(कि.मि.) | १ |
| ग्राभेल सडक मर्मत | 0 |

सैद्धान्तिक बेरुजु

## ७ बजेट तथा कार्यक्रम

७.१ क्षेत्रगत बजेट र खर्चको स्थिति: स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्चप्रतिशत | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| | | | | | जम्मा खर्चको तुलनामा |
| १. | आर्थिक विकास | २,६८,२३,९४२.०० | २,४९,४३,८९७.०० | ९२.९९ | ४.४० |
| २. | पूर्वाधार विकास | ३२,४८,४०,०००.०० | २८,५३,७८,१८६.०० | ८७.८५ | ५३.२४ |
| ३. | सामाजिक विकास | ९,२३,१७,०००.०० | ७,९७,५१,९३५.०० | ८६.३९ | १५.१३ |
| ४. | संस्थागत विकास, सेवा प्रवाह र सुशासन तथा विपत | ३,३८,८७,०००.०० | ३,०७,०८,८५१.०० | ९०.६२ | ५.५५ |
| ५. | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३,२२,५४,०००.०० | १२,१७,०२,८६२.०० | ९२.०२ | २१.६८ |
| जम्मा | | ६१,०१,२१,९४२.०० | ५४,२४,८५,७३२.४६ | ८८.९१ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ५३.२४ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ४.४४ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

७.२ **खर्च बिश्लेषण:** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२,६७,२९,८३४.९८ गत वर्षको बैंक मौज्दात रु.२,६७,७१,395.१६ राजस्व बाँडफाँट रु.१०,०८,३३,३५६.२५ र संघीय अनुदानबाट रु.३४,९४,८०,८१४.०० र प्रदेश अनुदानबाट ररु. ७,१७,६०,७६३.५६ समेत रु. ५७,५५,७५,४८७.९५ आम्दानी भएकोमा चालु तर्फ रु.३८,४०,१९,६१६।९०, पूँजिगततर्फ

रु.१५,५२,९६,२५०।५६ र वित्तीय रु.१,२०,००,०००।०० समेत रु. ५५,१३,१५,८६७.४६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.८४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१२५१९६२०।०० खर्च भएको छ जुन आन्तरिक आयको ४६.८६ प्रतिशत रहेको छ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.६५ प्रतिशत चालु, २८.१७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको र वित्तीय खर्च २.१८ प्रतिशत खर्च देखिन्छ।यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

७.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| (रु.हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| उपशिर्षक | कुल खर्च | त्रैमासिक | | | | असार महिनाको खर्च |
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १५५२९६ | ८५८३ | ३७७२ | १४२४१ | १२८७०० | १०४५२७ |
| प्रतिशत | | ५.५३ | २.४३ | ९.१७ | ८२.८७ | ६७.३१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पुँजीगत खर्च वार्षिक रु.१५ करोड ५२ लाख ९६ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ८५ लाख ८३ हजार (५.५३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३७ लाख ७२ हजार (२.४३ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१ करोड ४२ लाख ४१ हजार (९.१७ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१२ करोड ८७ लाख (८२.८७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१० करोड ४५ लाख २७ हजार (६७.३१ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ।अन्तिम चौमासिक तथा वर्षान्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७.४ **योजना प्राथमिकीकरण:** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार १४ वडाको लागि वडागत र पालिकास्तरका कुल ७७ योजनामा वजेट विनियोजन गरेको छ।

| रु.१ लाख सम्मका योजना संख्या | रु.१ लाख देखि २ लाख सम्म | रु.२ लाख देखि ५ लाख सम्म | रु.५ लाख देखि १० लाख सम्म | रु.१० लाख बढीका | जम्मा |
|---|---|---|---|---|---|
| १६ | १३ | १२ | १० | २६ | ७७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७.५ **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८२।३।८ मा रु.९३ करोड ८ लाख ४५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८२।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८२।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ८ संगठन तथा कर्मचारी व्यवस्थापन

८.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ४४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, सिडिई, अधिकृत आठौं, लेखा अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत, अधिकृत छैटौं, आलेप सहित २७ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा प्राविधिक, लेखा, स्वास्थ्य र आन्तरिक लेखापरीक्षण शाखाका प्रमुख पदहरुमा रिक्त देखिएकोले विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्न सक्ने हुँदा पदपूर्तिको लागि पालिकाले मन्त्रालयसँग आवश्यक समन्वय गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.२ कर्मचारी करार : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । साथै सोही ऐनको दफा ८३(८) वमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने अन्य पदमा करार सेवा लिन नसकिने व्यवस्था गरेको छ । तर नगरपालिकाले रिक्त दरबन्दीमा प्रशासन सहायक पाचौ १,प्रशासन सहायक चौथो २, कार्यालय सहयोगी वडा समेत १७ त्यस्तै स्वास्थ्य संस्था तर्फ अनमी ५,ल्याब असिस्टण्ट १, अहेब ५ र कार्यालय सहयोगी १२ सवारी चालक १२ जना र नगर प्रहरी २१ जना समेत गरी जम्मा ८१ जना करारमा भर्ना गरी यसवर्ष रु.३,०५,७३,३७०।-खर्च गरेको छ। रिक्त दरबन्दीमा ब्यबस्थापन सर्वेक्षण गरी दरबन्दी मिलान गरी प्रतिस्पर्धात्मक ढङ्गले स्थायी पदपूर्ति गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.३ कल्याण कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कर्मचारी कल्याण कोष स्थापना गरेतापनि कोषको संचालन सम्बन्धी कुनै कानुनी व्यवस्था तथा बजेट विनियोजन भएको देखिएन । उक्त कर्मचारी कल्याणकारी कोषमा रकम नहुँदा पालिकाको कर्मचारी अवकाश हुँदा भुक्तान

गर्नुपर्ने अवकाश दायित्वको लागि समानीकरण तथा अन्य स्रोतबाट खर्च लेख्नुपर्ने अवस्था छ।यस सम्बन्धमा पालिकाले ऐन कानुन तथा कार्यविधी तयार गरी कर्मचारी कल्याण कोषलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८.४ स्वास्थ्य तर्फको तलवी प्रतिवेदन : स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । यसै गरी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १८० मिति २०७६।०५।१८ को परिपत्र अनुसार नेपाल सरकार (माननिय मन्त्री स्तर) को मिति २०७६।०५।१८ को निर्णय बमोजिम स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास गर्नुपर्ने उल्लेख रहेको छ । कार्यालयले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फका कर्मचारीहरुको तलब भत्तामा रु.२,५८,४७,२८९।२० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गरेर मात्र कर्मचारीको पारिश्रमिक भुक्तानी हुने व्यबस्था मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ९ सम्पत्ति उपयोग र संरक्षण

९.१ खर्च भएर जाने जिन्सी सामाग्रीको मौज्दात : महालेखा नियन्त्रक कार्यालयले मिति २०८१।०४।२० बाट आर्थिक वर्ष २०८१।८२ देखि लागु हुने गरी सार्वजनिक सम्पत्ति व्यावस्थापन प्रणाली (PAMS-V2) लागु गरेको छ।जसअनुसार खर्च भएर नजाने जिन्सी सम्पत्तिहरु नयाँ प्रणालीमा MIGRATION हुने र खर्च भएर जाने जिन्सी मौज्दातको कार्यालयद्वारा आफै जिन्सी प्रविष्ट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गत विगतमा खरिद भएका तथा यस बर्ष खरिद भएका जिन्सी सामाग्रीहरु कर्मचारीको माग फारम संलग्न नगरी एकमुष्ट खर्च जनाएको देखियो। तत्काल खर्च हुन नसक्ने र बर्षान्तमा खरिद भएका सामाग्रीहरु समेत शून्य मौज्दात देखाएको अवस्थाले खर्च भएर जाने जिन्सी सामाग्रीमा अनियमितता देखिन्छ। अन्तिम त्रैमासिक तथा असार महिनामा खरिद भएका र तत्कालै खर्च नहुने सामाग्री समेत शून्य मौज्दात देखाएको सम्बन्धमा नगरपालिकाले छानबिन समिति गठन गरी विगतमा खरिद भएका तथा यस बर्ष खरिद र प्रयोग भएका समाग्रीको यथार्थ प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

९.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ त्यस्तै आर्थिक वर्ष २०८१।८२ देखि सार्वजनिक सम्पत्ति व्यावस्थापन प्रणाली (PAMS-V2 लागु गरेकोमा नगरपालिका अन्तर्गत रहेका सबै वडाहरुले खरिद गरेको खप्ने तथा नखप्ने मालसामानको (PAMS-V2 मा अभिलेख राखेको छैन। नियमानुसार वडावाट खरिद भएका सबै जिन्सी मालसामानहरुको (PAMS-V2 मा लेखाङ्कन हुनुपर्दछ । साथै नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षणवाट देखिएका मर्मत तथा लिलाम गर्नु पर्ने समान नियमावली अनुसार मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १० कानून निर्माण एवं कार्यान्वयन

१०.१ कानून र सञ्चालन स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । हालसम्म ४० वटा ऐन, ९ वटा नियमावली, ७० कार्यविधि, १५ निर्देशिका, ९ मापदण्ड, ३ नीति र अन्य २० लगायत १६६ वटा कानुन निर्माण गरी कार्यान्वयनमा रहेका छन् ।

सैद्धान्तिक बेरुजु

१०.२ न्यायिक समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १३ र यो वर्ष थप भएको ९१ गरी कुल १०४ विवाद दर्ता भएकोमा ८८ वटा मात्र फर्स्यौट भई १६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ११ खरिद तथा ठेक्का अभिलेख

११.१ सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना बनाएको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११.२ सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा निर्माण कार्यको अभिलेखांकनका लागि महालेखा परीक्षकबाट स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## १२ सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **कल्याणकारी कार्यक्रमको निरन्तरता**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४(३) अनुसार योजना बनाउदा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरुलाई प्राथामिकता दिनुपर्दछ । पालिकाले विगत देखि आम नगरिकलाई पाँच युनिट पानी महशुल अनुदान, विपन्न नागरिक स्वास्थ्य वीमा कार्यक्रम र विद्यार्थी पाठ्यपुस्तक तथा पोषाक अनुदान कार्यक्रमका सञ्चालनमा ल्याएको छ। नगरपालिकाले यस बर्ष आन्तरिक आम्दानी रु.२,६७,२९,८३४.९८ मात्र गरेकोमा अनुदान कार्यक्रममा रु.१,१७,१९,२४०।– खर्च हुन गएको छ।आन्तरिक आम्दानी कमजोर हुँदाहुँदै पनि अनुदानमा मात्र ४३.८४ खर्च भएको छ । लक्षित वर्ग पहिचान नगरी सबै नागरिकलाई समान रुपमा लाभ दिने अनुदान(Blanket subsidy) ले दीर्घकालिन दायित्व बढाउने जोखिम रहन्छ।। ।जसले गर्दा नगरपालिकाको यस बर्ष स्रोतको अभाव जनाई अनिबार्य दायित्व रु. ११७१९२४० भुक्तानी बाँकी रहेको जनएको छ।नगरपालिकाको आन्तरिक स्रोत बढाई लक्षित वर्गलाई मात्र अनुदान दिने गरी कार्यक्रममा सुधार हुनुपर्दछ ।

| सि.न | कार्यक्रमको नाम | लाभग्रही संख्या | खर्च रकम रु. |
|---|---|---|---|
| १ | पाँच युनिट पानी महशुल अनुदान | १६०० | १६००००० |
| २ | विपन्न नागरिक स्वास्थ्य वीमा कार्यक्रम | १२३२ | ४३५८५०० |
| ३ | विद्यार्थी पाठ्यपुस्तक र पोषाक अनुदान | ५२४६ | ५७६०७४० |
| जम्मा | | | ११७१९२४० |

सैद्धान्तिक बेरुजु

१४ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च (प्रदेश/संघ) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३१४१०६५८७ | २६७२९८३४.९८ | ८.५१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.५१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१५ **जरिवाना**

पालिकाले पानी, बिजुली तथा सवारी नवीकरणको विल समयमै भुक्तानी गरी जरिबाना नतिर्ने र छुट सुविधा लिने व्यवस्था मिलाउनुपर्दछ ।यस पालिकाले यस वर्ष गो.भौ.९६२-२०८२।०३।१० बाट २२ वटा सवारी साधनको नवीकरण गर्दा जरिवाना वापत रु.१,१४,१००।- भुक्तानी गरेको पाइयो। पालिकाले समयमै सवारी साधनको नविकरण नगर्दा थप जरिवानासमेत भुक्तानी गरी कार्यालयलाई थप व्ययभार पारेकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,१४,१०० |

१६ **आवश्यकता पहिचान र प्रतिशपर्धा वेगर खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ निमय ८५ अनुसार लागत अनुमान रु. १० लाख सम्मको निर्माण कार्य वा मालसामान र ५ लाख सम्मको परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न सकिने, नियम ८४ अनुसार निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा

खरिद गर्नु पर्दा रु. १० लाख भन्दा वढी भएमा सिलवन्दी दरभाउपत्र र रु. २० लाख भन्दा वढी भएमा नियम ३१ अनुसार वोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने उल्लेख छ। पालिकाको आन्तरिक स्रोत, भौगोलिक अवस्था, पत्र पत्रिकामा जनताको पहुँच र उपलब्धता जस्ता विज्ञापनको आवश्यकता हुने पक्षको अध्ययन नगरी बजेट व्यवस्थापन गरी प्रतिश्पर्धा वेगर खर्च गरेको देखियो। पालिकाले सुचना प्रकाशनतर्फ विभिन्न फर्महरु मार्फत विज्ञापन प्रकाशन बापत रु. २५,१९,२८८ खर्च गरेकोमा उक्त मिडिया फर्महरुले फरक फरक दरमा छुट उपलब्ध गराएको पाइयो। पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा खर्च गर्दा सूचीमा दर्ता नभएका मिडिया प्रा.लि बाट सोझै खरिद मार्फत रु.२५,१९,२८८।- खर्च गरेको छ । यस्तो खर्च लेख्दा लागत अनुमान तयार गरी दर रेट स्वीकृत गर्ने, सुचना प्रकाशन गर्ने, सम्झौता गरी कार्यादेश दिनुपर्दछ ।सुचना प्रकाशन गर्दा प्रकाशनको आकार र दर रेट माग गरी प्रतिस्पर्धात्मक तवरले सुचना प्रदायक छनौट गर्नुपर्नेमा ब्यवस्थाको पुर्ण पालना गरेको देखिदैन। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै प्रतिस्पर्धात्मक विधिबाट वा पालिकाको वेव साईट मार्फत सूचना प्रकाशन गरी यस प्रकारका खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **मर्मत**

सार्वजनिक खरिद नियमावली, २०६४ मा एक लाख भन्दा बढी लागत अनुमान भएको खरिद कार्य कार्यालयको मौजुदा सूचिमा रहेको ३ वटा फर्मसंग कोटेशन माग गरी सबै भन्दा कम आर्थिक प्रस्ताव पेश गरेको फर्मबाट खरिद गर्नुपर्ने उल्लेख छ।त्यसैगरी सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०८१ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्थाछ।पालिकाले यो बर्ष इन्धनमा नगरवस समेतको इन्धन खर्च जम्मा रु.१,२९,१५,०५३।– र विभिन्न मितिमा सवारी साधनको मर्मत बापत रु.७८,४८,४२८।– खर्च जनाएको छ। इन्धन खर्च लेख्दा सावरी साधनको प्रकृतिको आधारमा कोटा निर्धारण गर्ने, लगबुक राख्ने लगायतका विषयमा सुधार हुनुपर्ने देखिन्छ भने मर्मत खर्च गर्दा लागत अनुमान तयार नगरेको तथा अधिकाश मर्मत खर्च एउटै फर्मबाट गर्ने गरेको तथा मर्मत खर्चको मापदण्ड तयार समेत गरेको देखिएन। मर्मत खर्चलाई मितव्ययी बनाउन निश्चित मापदण्ड तयार गरी सवारीसाधन जिम्मा लिने पदाधिकारी समेतलाई जिम्मेबारी बनाई प्रतिस्पर्धी मूल्यमा मर्मत कार्य गराउनु पर्दछ। यसवर्ष मर्मत खर्च गरिएका सवारीको उद्घाहरण निम्न छन्।

| क्र.सं. | सवारीसाधन नं. | सवारीको प्रकार | सवारीचालकको नाम | २०८१-८२ गतेसम्मको मर्मत खर्च |
|---|---|---|---|---|
| १ | भे १ ख३९०७ | वस | मिसर कुमारपुन | ४०७६५१ |
| २ | भे १ ख३९०६ | वस | कृष्ण वि.क | ४९५९९६ |
| ३ | क.प्र.०२००१ख १७७ | वस | सितल पुनमगर | ७६८०२२ |
| ४ | क.प्र.०२००१ख १७८ | वस | पुर्णबहादुर मल्ल | ४२२६६१ |
| ५ | क.प्र.०२००१ख १७९ | वस | जित बहादुरबुढाथोकी | ५०४३५८ |
| ६ | भे १ झ ३५६ | एम्बुलेन्स | दिपेश ढकाल | २८८७५६ |
| ७ | क.प्र.०२००१ झ १६२ | एम्बुलेन्स | गणेशनेपाली | ४१८७६२ |
| ८ | कप्र०२००१झ ००८१ | स्कारपियो | प्रेम महर | ७८१०१८ |
| ९ | कप्र०२००१झ ०१६६ | स्कारपियो | निरजआचार्य | ११५०२२७ |
| १० | भे १ झ २८८ | एम्बुलेन्स | | १०२०० |
| ११ | भे १ झ २९३ | सववहान | | ८४५०० |
| १२ | भे १ ग १२१ | टिप्पर | | २८९५६९ |
| १३ | कप्र ०३००२ख ०००१ | मिनि ट्रक | | १७७५९७ |
| १४ | भे १ ग १२० | व्याकोहोलोडर | मोहन दलामी | ३०९६५ |
| १५ | विभिन्न मोटरसाइकलहरु तथा जेनेरेटर | | | २०१८१४६ |
| **जम्मा रकम** | | | | **७८,४८,४२८** |

सैद्धान्तिक बेरुजु

१८ **बैठक भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले बैठक भत्तामा रु.३७८०००।- खर्च गरेको छ। पालिकाले विशेष कामको लागि कार्यालयका कर्मचारी मात्र समावेश भएको बाहेक कानून अनुसार निर्मित समितिको मात्र बैठक बसी बैठक भत्ता खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१९ **अनुगमन तथा भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष दैनिक भ्रमण भत्ता र अनुगमन तथा मूल्याङ्कन कार्यमा रु.१८,७६,०००।- खर्च गरेको देखिन्छ ।यस सम्बन्धमा देखिएका बेहोराहरुमा कर्मचारीले पालिका भित्र तथा पालिका वाहिरका स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि एकीकृत रुपमा भ्रमण अभिलेख राखेको छैन,अधिकांश भ्रमण खर्चमा भ्रमण प्रतिवेदन पेश गरेको देखिएन। भ्रमण प्रतिबेदन संलग्न गरेपनि उक्त प्रतिवेदन अधुरो भर्ने गरेको देखिन्छ। यसबाट भ्रमण कार्य प्रभावकारी भयो भन्ने आधार भएन। साथै भ्रमणबाट निर्धारित उद्देश्य प्राप्त भए नभएको, खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन। अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमणमा खर्च भएको रकम सदुपयोग भएको हो भनि विश्वस्त हुन सकिएन । तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले

ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध तर्फ रु.२०,२९,९११।- खर्च गरेको छ। विविध तर्फ खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरी गर्नु पर्नेमा सो गरेको देखिएन । जस्ले गर्दा उक्त खर्च यथार्थपरक रहेको यकिन गर्न सकिएन। पालिकाले यस प्रकारको खर्चमा मितव्ययिता कायम गर्नुका साथै खाना/खाजा लगायतका शिर्षकमा विविध बाट खर्च लेख्दा खर्चको प्रयोजन खुल्ने गरी लेख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **कार्यालय सामाग्री तथा मसलन्द खर्च**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. १० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाख भन्दा माथि रु. २० लाख सम्म सिलबन्दी दरभाउ पत्रबाट र सो भन्दा माथि वोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाले यो वर्ष मसलन्द तथा कार्यालय सामाग्री खरिदमा रु.३१,८३,३३५।- पटक पटक गरी खर्च गरेको गरेको छ। उक्त्त खरिद कार्यमा प्रतिस्पर्धात्मक मूल्यमा हुन सकेको छैन। पालिकाले पटक पटक खरिद नगरी खरिद योजना तयार गरी प्रतिष्पर्धा गराई बोलपत्रको माध्यमबाट मितव्ययी ढंगबाट खरिद कार्य गर्नु पर्दछ।

| आपूर्ति कर्ताको नाम | खरिद रकम |
|---|---|
| अमर छापाखाना उद्योगत तथा सप्लायर्स | 512601 |
| प्रवेशप्रिन्ट सेन्टर | 156694 |
| एसविआइटी हव | 33900 |
| इन्द्रेणीट्रेडर्स | 267840 |
| खड्कापुस्तक पसल | 557498 |
| प्रवेशप्रिन्टर्स एण्ड ट्रेड लिंक | 290990 |
| न्युपोखरेल अर्डर एण्ड सप्लायर्स | 87685 |
| चौरजहारीस्पोट हावस | 97222 |
| पुजाइलेक्ट्रोनिक सेन्टर | 208330 |
| न्युखड्का पुस्तक पसल | 296971 |
| सिस्नेपुस्तक पसल | 149835 |
| पुप्पान्जलीस्टेस्नरी | 78950 |
| कर्णालीअफसेट प्रेस | 110850 |
| आचार्यस्टेस्नरी | 23700 |
| डीसीफोटो स्टुडियो एण्ड सप्लायर्स | 43590 |
| गोसाइइन्टरप्राइजेज | 10509 |
| शर्माभाडा पसल | 26870 |
| एविसिइन्टरप्राइजेज | 91700 |
| प्रसिसइन्टरप्राइजेज | 25929 |
| विवसस्टेसनरी तथा किराना पसल | 44380 |
| सिस्नेपुस्तक पसल एण्ड स्पोट हावस | 67291 |
| **जम्मा खर्च** | **3183335** |

सैद्धान्तिक बेरुजु

२२ **कृषि तथा पशु सेवा प्राविधिक**

आर्थिक वर्ष २०७२/७३ को "एक गा.वि.स. एक कृषि तथा पशुसेवा प्राविधिक कार्यक्रम अनुसार "एक गाँउ एक कृषि प्राविधिक व्यवस्थापन कार्यविधि २०७३" तथा "एक गाँउ एक पशुसेवा प्राविधिक व्यावस्थापन कार्यविधि २०७३" अनुसार साविकको गा.वि.स. मा रा.प.अन. द्धितिय श्रेणी करारमा नियुत्त भएका प्राविधिकरुलाई साविकमा जुन स्थानिय तहमा कामकाज गरेको हो सोही स्थानीय तहमा सेवा निरन्तरता गरिरहेका प्रविधिकहरुको नेपाल सरकार बाट ६ महिनाको पारिश्रमिक र चाडपर्व खर्च तथा सम्बन्धित पालिकाबाट ६ महिनाको पारिश्रमिक उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकामा साविकमा करारमा नियुत्ती भएका प्राविधिकहरुको प्रमाण बेगर शविना वोहरालाई शसर्त चालुबाट रु.१७२००० तलब बापत खर्च गरेको छ । कानुनबमोजिम नियुक्ती र खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **शिक्षण सिकाई अनुदान**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ को क्रियाकलाप न २.७.१३.५० अनुसार प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान दिने व्यवस्था रहेको छ । यसरी अनुदान दिदा विद्यार्थी संख्या यकिन गर्नुपर्ने र यकिन गरिएको प्रत्येक तहगत विद्यार्थी संख्यालाई निर्धारण गरिएको प्रति विद्यार्थी लागत रकमले गुणन गरी आएको रकम विद्यालयलाई अनुदान दिनुपर्दछ । लेखापरीक्षण अवधिसम्म अध्यावधिक भएको EMIS DATA लाई आधार लिएर परीक्षण गरिएकोमा देहायबमोजिमका बिद्यालयहरुलाई भौ.न. ६३२ मिति २०८२।०३।१७ बाट बढी संख्यामा रकम निकाशा भएकोले सम्बन्धित विद्यालयबाट बढि भएको रकम असुल गर्नुपर्ने रु ....

| विद्यालयको नाम | निकाशा हुनुपर्ने रकम | निकाशा भएको रकम | बढि निकाशा |
|---|---|---|---|
| Samaj Sewa Balbikas Kendra Dovankhola | २५० | ७५०० | ७२५० |
| Samaj Sudhar Bal Bikas Kendra | ५०० | ७५०० | ७००० |
| Bal Kalyan Basic School | १२९०० | १४७०० | १८०० |
| Janajyoti Basic School Mulpani | १५६५० | १५८५० | २०० |
| जम्मा रु | | | १६२५० |

| असुल गर्नुपर्ने | १६,२५० |
|---|---|

२४ **उत्कृष्ट विद्यालयलाई प्रोत्साहन**

कार्यक्रम कार्यान्वयन कार्याविधि २०८१ को क्रियाकलाप नम्बर २.७.१३.१३ (९.२) अनुसार उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा सामाजिक परीक्षण मापदण्ड २०७८ ले तोकेको विधि, प्रकृया र पद्वतिबमोजिम अनुसुचि २ मा उल्लेख भएको मुल्याङ्कनको आधारमा सामाजिक परीक्षण प्रतिवेदन तयार गरेर मात्र विद्यालय छनोट गर्नुपर्दछ । कार्यालयले भौ न ७३० मिति २०८२।३।२४ बाट देहायबमोजिमका विद्यालयहरुलाई पोत्साहन रकम वितरण गर्दा तोकिएबमोजिमको मुल्याङ्कन गरेको देखिएन् विद्यालय छनोट गर्दा कार्याविधिले तोकेको प्रकृया पुरा गरेर मात्र प्रोत्साहन रकम उपलब्ध गराउनुपर्दछ ।

| विद्यालयको नाम | स्थान | रकम |
|---|---|---|
| हिमालय मा. वि. खोलागाँउ | प्रथम | ३००००० |
| कालिका आ. वि. लपैटा | द्वितीय | २००००० |
| जम्मा रु | | ५००००० |

सैद्धान्तिक बेरुजु

२५ **विद्यार्थी संख्या फरक**

विद्यालयहरुलाई पाठ्यपुस्तक, दिवा खाजा, शिक्षण सिकाई अनुदान, निशुल्क छात्रवृत्ति लागयतका विभिन्न अनुदानहरु निकाशा गर्दा वास्तविक विद्यार्थी संख्याको आधारमा मात्र रकम निकाशा भुक्तानी गर्नुपर्दछ ।शितल माध्यमिक विद्यालयको नमुना छनोट गरि भौतिक रुपमा अनुगमन गर्दा विद्यालयले उपलब्ध गराएको विद्यार्थी विवरणसंग विद्यालयले EMIS मा प्रविष्ट गरेको तथ्याङ्क तुलना गरेर हेर्दा कतिपय कक्षाको विद्यार्थीहरुको संख्या अस्वभाविक रुपमा फरक देखिएको हुनाले रकम निकाशा गर्दा बढि निकाशा हुने तथा शैक्षिक तथ्याङ्कमा शुद्धता नआउने भएकोले शिक्षा अधिकृतबाट बास्तविक विद्यार्थी संख्यालाई सत्यापन गरि प्रमाणीत गर्नुपर्ने साथै विद्यालहरुलाई वास्तविक तथ्याङ्क मात्र प्रविष्ट गर्नेतर्फ सचेत गर्नुपर्ने देखिन्छ ।केही उद्धाहरण

| कक्षा | विद्यार्थी संख्या २०८१ | EMIS संख्या २०८१ | फरक | विद्यार्थी संख्या २०८२ | EMIS संख्या २०८२ | फरक |
|---|---|---|---|---|---|---|
| ६ | ३३ | ३६ | ३ | ४२ | ४३ | १ |
| ७ | ९३ | ९२ | -१ | ३९ | ४६ | ७ |
| ८ | ११८ | ११९ | १ | १०३ | ११९ | १६ |
| ९ | २६३ | २६१ | -२ | २८१ | २८४ | ३ |
| १० | १५८ | ४९० | ३३२ | २५३ | २६२ | ९ |
| ११ | ४१७ | ४२३ | ६ | ४८ | १४१ | ९३ |
| १२ | ३६१ | ४१६ | ५५ | ४१३ | ३६१ | -५२ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२६ **विद्यार्थी निर्वाह खर्च**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.५० (२.६) अनुसार प्रति विद्यार्थी लागत अनुदान अन्तर्गत व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि विद्यालयलाई निकाशा गरेको अनुदान मध्ये विद्यार्थी निर्वाह खर्च स्वरुप प्रति महिना १ हजारका दरले रकम सम्वन्धित विद्यार्थीको बैङ्क खातामा उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले भौ.न. ६३२ मिति २०८२।०३।१७ बाट शीतल मा.वि. चौरजहारीलाई ६० जना विद्यार्थीको रु १५००० को दरले अनुदान बापत ९००००० निकाशा गरेकोमा OJT मा जाने विद्यार्थीहरुको बैंक खातामा रकम वितरण गरेको प्रमाण पेश नभएको तर नगद भर्पाई पेश भएकोले सम्बन्धित विद्यार्थीले पाए नपाएको यकिन गरि नियमित गर्नुपर्ने रकम रु

| | |
|---|---|
| अनियमित भएको | ९,००,००० |

२७ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार नगरपालिका भित्रका कक्षा ६ भन्दा माथि सञ्चालित १४ वटा सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २२५५ जना रहेका छन । पालिकाले भौ.नं. ६१६ मिति २०८२।०३।१६ मा Biyan Enterprises बाट २३४०० प्याकेट स्यानिटरी प्याड रु.१९८९००० (मु अ कर समेत) मा खरिद गरेको छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी २३४०० प्याकेट प्याड वितरण गरी मौज्दातमा शुन्य रहेको छ। कार्यविधि अनुसार सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राको तथ्याङ्क यकिन गरि वार्षिक १० महिना अवधिको लागि बढिमा २० प्याकेट मात्र निशुल्क स्यानिटरी प्याड उपलब्ध गराउने साथै ६ कक्षा भन्दा तल्लो कक्षामा अध्ययन गर्ने महिनावारी भएका छात्रालाई पनि उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ । कार्यालयले विद्यालयका प्रध्यानध्यापक तथा कर्मचारीलाई स्यानिटरी प्याड भर्पाईमार्फत वितरण गर्दा लाभग्राही छात्राको वास्तविक तथ्याङ्क यकिन नगरि वितरण गरेको देखिन्छ। वास्तविक छात्राको संख्या यकिन गरेर मात्र खरिद र वितरण प्रणालीलाई व्यवस्थित वनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८ **निशुल्क पाठ्यपुस्तक**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.४.६.२ अनुसार प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान दिने व्यावस्था रहेको छ । यसरी अनुदान उपलब्ध गराउदा EMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी पाठ्यपुस्तकको सङ्ख्या यकिन गरेर मात्र पहिलो पटकमा ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ

विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले विभिन्न विद्यालयहरुलाई रु.४४,६५,८६५।- रकम निकाशा गरेकोमा EMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन नगराएको, पहिलो पटक निकाशा गरेपश्चात २५ प्रतिशत दोस्रो निकाशा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको यथार्थ विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको यथार्थ विवरणका आधारमा मात्र गर्नुपर्नेमा सोझै निकाशा गरेकोले वास्तविक निकाशा खर्च यकिन हुन सकेन।EMIS तथ्याङ्कलाई शिक्षा अधिकृतबाट बास्तविक तथ्याङ्कसंग सत्यापन गराई रकम निकाशा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.११.१ अनुसार प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थी संख्याको आधारमा वार्षिक बढिमा १८० दिनका लागि प्रति विद्यार्थी रु १५ को दरले रकम निकाशा गर्नुपर्ने व्यवस्था रहेको छ । यसरि रकम निकाशा गर्दा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गर्नुपर्ने, EMIS मा रहेको विद्यार्थी संख्या यकिन गर्नुपर्ने, पछिल्लो त्रैमासिकमा रकम निकाशा गर्दा भौतिक रुपमा पूरा कक्षा चलेको दिनलाई प्रधानध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यावस्था रहेको छ ।कार्यालयले विभिन्न ६५ सामुदायिक विद्यालयहरुलाई वर्षभरि विद्यालय चलेको दिन यकिन नगरी विभिन्न मितीमा दिवा खाजा बापतको रकम निकाशा गरेको छ । सम्पूर्ण विद्यालयका सम्पूर्ण विद्यार्थीहरुलाई प्रमाणित हाजिर र विद्यार्थी संख्या यकिन बेगर एकमुष्ठ रकम निकाशा गरेको औचित्यपूर्ण देखिदैन । कार्यालयले यस वर्ष विभिन्न ३९ विद्यालयहरुलाई रु ८३,५६,४४१।- दिवा खाजा रकम निकाशा दिदाँ तोकिएका मापदण्डहरु पुरा भएको अवस्था बेगर रकम निकाशा गरेको पाईएकोले कानुन तथा निर्देशिकाको पालना गरि दिवा खाजा रकम निकाशा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **पोषण सुधार अनुदान**

बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्याविधि २०८१ अनुसार अनुदान रकम उपलब्ध गराउनुपुर्व अनुसुची ४ बमोजिम घरधुरी पहिचान गर्नुपर्ने, हालसम्म नपाएको सुनिश्चित गर्नुपर्ने, तथा कम्तिमा ९० प्रतिशत हजार दिनका आमाहरु र ५ वर्ष मुनिका वालवालिका समेत समावेश गरेर अभिमुखिकरण तालिम गर्नुपर्ने लगायतका प्रावधानहरु रहेका छन । कार्यालयले रु.२५ हजारको दरले २५ जनालाई रु. ६२५००० अनुदान उपलब्ध गराएकोमा अनुसुची ४ बमोजिम घरधुरी पहिचान नगरेको, हालसम्म नपाएको सुनिश्चित नगरेको तथा कम्तिमा ९० प्रतिशत हजार दिनका आमाहरु र ५ वर्ष मुनिका वालवालिका समेत समावेश गरेर अभिमुखिकरण तालिम सञ्चालन गरेको नदेखिएकोले कार्यविधिले तोकेको सर्त र परिधिभित्र रहेर मात्र अनुदान रकम उपलब्ध गराउनु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

३१ **सहभागिता भत्ता**

अर्थ मन्त्रालयद्वारा जारी कार्यसञ्चालन निर्देशिका २०८१ को अनुसुचि ११ अनुसार प्रशिक्षार्थी छनौट गरी वा नगरी सञ्चालन गरिएको जुनसुकै प्रकारको तालिम, गोष्ठीको सहभागीहरुलाई सहभागी भत्ता उपलब्ध नगराउने भनी सूचना गर्नुपर्ने, तालिम, गोष्ठी, कार्यशालाको सहभागीलाई सहभागी भत्ता दिने गरी कार्यक्रममै सहभागीहरुलाई सहभागी भत्ता वा सहभागीको भ्रमण खर्च वा दुवै दिने गरी स्वीकृत भएको कार्यक्रमका सहभागीहरुलाई जिल्लाभित्र दैनिक खाने बस्ने खर्च बापत रु १००० उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ । निर्देशिकाको द्रष्टव्य ५ अनुसार आते जाते खर्चको लागि दुई दिन भन्दा बढिको कार्यक्रममा जतिसुकै दिन भएपनि एकमुष्ठ रु ५०० प्राप्त गर्नुसक्ने उल्लेख रहेको छ ।नमुना छनोट गरि परिक्षण गरिएकोमा कार्यालयले कतिपय कार्यक्रमहरुमा सहभागिता भत्ता उपलब्ध गराउने भनि कार्यक्रम स्विकृत नगरेकोले बढिमा रु ५०० मात्र आतेजाते खर्च लेख्नुपर्नेमा करकट्टी बाहेक रु ८५० भुक्तानी गरेको देखिन्छ । यस सम्बन्धमा बढि भुक्तानी भएको रकम सम्बन्धित कार्यक्रम संचालकलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रकम रु

| भौ.नं. र मिति | कार्यक्रम | सहभागी संख्या | बढि दर रु | जम्मा रकम रु |
|---|---|---|---|---|
| ६७९, २०८२।०३।२१ | रोजगारमा खटिनुपूर्व अभिमुखिकरण कार्यक्रम (विभिन्न ४ दिने कार्यक्रम) | ९६ | ३५० | ३३६०० |
| ७१४, २०८२।०३।२४ | स्थानीय तहको रोजगार रणनीति तर्जुमा अध्यावधिक कार्यक्रम | ५६ | ३५० | १९६०० |

| असुल गर्नुपर्ने | ५३,२०० |
|---|---|

३२ **लघु उद्यम सहजकर्ता**

गरिवी निवारणक लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को अनुसुची – ३ अनुसार लघु उद्यम विकास मोडलमा नँया लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम अन्तर्गत उद्यम विकास सहजकर्त परिचालनको विनियोजित बजेटको बढीमा २४ देखि ३३ प्रतिशतमात्र खर्च गर्न मिल्ने व्यवस्था रहेको छ । यसवर्ष कार्यक्रममा रु ९२०००० बजेट विनियोजन भएकोमा बढीमा ३३ प्रतिशतले हुने रकम रु ३०३६०० मात्र उद्यम विकास सहजकर्ताको परिचालनको लागि खर्च गर्न मिल्नेमा २ जना उद्यम विकास सहजकर्ता नियुक्त गरि रु ४४९००० खर्च गरेकोले बढी खर्च गरेको रकम रु.१४५४०० अनियमित रु.

| अनियमित भएको | १,४५,४०० |
|---|---|

३३ **अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअल, २०७७ को बुँदा नं. ४१.१३ मा परियोजना कार्यान्वियन इकाई, प्रदेश सरकार अन्तर्गतको निकाय र स्थानीय तहले पकेट विकास कार्यक्रम अन्तर्गत सञ्चालित क्रियाकलापहरुको एकल वा पकेट क्षेत्रका लाभग्राही एवं सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्नेछ । स्थानीय तह र पकेट सञ्चालन समन्वय समितिले पकेट कार्यक्रमको सार्वजनिक सुनुवाईका लागि सजहजीकरण गर्नु पर्नेछ । साथै स्थानीय तहको कृषि/पशु सेवा शाखाले खर्च र उपलब्धि सम्बन्धी चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी जिल्ला स्थित परियोजना कार्यान्वियन इकाई र प्रदेश सरकार अन्तर्गतको कृषि/पशु सेवा हेर्ने निकायमा पेश गर्नु पर्नेछ। पालिकाले निम्नानुसार ११ बाख्रा पकेट संचालन गरेकोमा अनुगमन र मूल्याङ्कन गरी प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पेश गरेको नदेखिएकोले सोको प्रगति विष्लेषण गर्न सकिएन । कार्यविधिको पालना गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| क्र.सं. | गो.भौ.न र मिति | फर्मको नाम | रकम |
|---|---|---|---|
| १ | ६२७, २०८२।०३।१७ | बुढाथोकी पशुपंक्षी फार्म वडा न १ | १२०००० |
| २ | ६३०, २०८२।०३।१७ | राजिब कृषि पशुपंक्षी फार्म वडा न १२ | १२०००० |
| ३ | ६३०, २०८२।०३।१७ | लक्ष्मण बाख्रा पालन फर्म | १३७००० |
| ४ | ६३६, २०८२।०३।१७ | बुढाथोकी बाख्रा पालन तथा सुन्तला फर्म | १२०००० |
| ५ | ६५२, २०८२।०३।१९ | खत्री बहुउद्देशीय नर्सरी तथा कृषि फर्म | १२०००० |
| ६ | ६६०, २०८२।०३।२० | श्री जनप्रगतिशित कृषक समुह | १२०००० |
| ७ | ६९०, २०८२।०३।२२ | पिपलनेटा बाख्रा पालन फर्म | १२०००० |
| ८ | ६९८, २०८२।०३।२३ | भालुखोरे कृषि तथा पशुपन्छि फर्म | ६३३६० |
| ९ | ७२२, २०८२।०३।२४ | प्रगतिशिल हरियाली कृषक वडा न १४ | १२०००० |
| १० | ७२८, २०८२।०३।२४ | जनजागरण कृषि तथा पशुपंछि महिला कृषक समूह वडा न ३ | ९७५८४ |
| ११ | ७५२, २०८२।०३।२५ | सुन्दर टाकुरा भेडा बाख्रा फार्म | ११०४०० |

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **करार शिक्षक नियुक्ति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ज) मा आधारभुत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकार स्थानीय तहलाई रहेको छ । जस अनुसार स्थानीय तह भित्र रहेको आधारभुत तथा माध्यमिक सार्वजनिक तथा सामुदायिक विद्यालयहरुको व्यवस्थापन संचालन नियमन र प्रवर्द्धन गर्ने जिम्मा नगरपालिकाको रहेको देखिन्छ । स्थानीय तह भित्र रहेको विद्यालयको शिक्षकहरुको व्यवस्थापन सम्बन्धमा करार शिक्षक नियुक्ति तथा नगरपालिकाको अनुदानवाट तलब भत्ता खाने गरी नियुक्त शिक्षक र सहायकहरुको छनौट प्रकृयालाई व्यवस्थित र योग्यता प्रणालीमा आधारित बनाउनुपर्ने हुन्छ । तर नगरपालिकाले शिक्षक नियुक्ति तथा व्यवस्थापन सम्बन्धमा कुनै मापदण्ड र कार्यविधि नबनाई विभिन्न विद्यालयहरुमा ९२ जना करारमा शिक्षक तथा अन्य कर्मचारी नियुक्ति गरी रु.२,१२,४७,८६७।- खर्च गरेको देखिन्छ।शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, शिक्षक नियुक्ति कार्यलाइ योग्यता प्रणालीमा आधारित र पारदर्शी बनाउन आवश्यक मापदण्ड र कार्यविधि बनाउनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३५ **शिक्षक दरबन्दी र पदपुर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी ३१५ रहेकोमा ३१५ पदपूर्तिको अवस्था छ ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (ज) मा आधारभुत तथा माध्यमिक शिक्षाको संचालन व्यवस्थापन सम्बन्धी अधिकार सम्बन्धित स्थानीय तहलाइ दिएको देखिन्छ । उक्त दफामा नगरपालिका भित्रको सामुदायिक विद्यालयहरुको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने अधिकार समेत यस नगरपालिकालाई रहेको छ । नगरपालिकाले उपलब्ध गराएको शिक्षक विद्यार्थी अनुपात परिक्षण गर्दा कुनै विद्यालयमा विद्यार्थी शिक्षक अनुपात १८ रहेको छ भने कुनैमा ११५ रहेको देखिन्छ । औसतमा प्रति शिक्षक २५ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएकोले न्युन दरबन्दी भएको विद्यालय र उच्च दरबन्दी भएको विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३६ **गैरआवसिय छात्रवृत्ति**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० को क्रियाकलाप नं. ७.२.१.१ को ४.२ अनुसार EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई गैरआवासीय छात्रवृत्ति वितरण सम्बन्धि व्यवस्था रहेको छ । कार्याविधि बमोजिम कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्क सत्यापन नगराई भौ.न. ६०६ मिति २०८२।०३।१२ बाट कार्यालयलले यस वर्ष गैरआवासीय छात्रवृत्तिमा (छात्रा र दलित छात्र) रु.६८६५००।- रकम खर्च गरेकोमा विद्यार्थीहरुको तथ्याङ्क यकिन गरि सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित नगरेकोले निकासा भएको रकम सहि हो भनि यकिन हुन सकिएन ।लेखापरिक्षण अवधिसम्म अध्यावधिक भएको EMIS DATA लाई आधार लिएर परिक्षण गरिएकोमा देहायबमोजिमका विद्यालयहरुलाई छात्रवृत्ति रकम बढी निकाशा भएकोले असुल गर्नुपर्ने रु

| विद्यालयको नाम | १ देखि ५ छात्रा | दलित छात्र | जम्मा विद्यार्थी | निकाशा भएको बिद्यार्थी संख्या | फरक विद्यार्थी | दर | बढि निकाशा |
|---|---|---|---|---|---|---|---|
| Bal Kalyan Basic School | १५ | ७ | २२ | २६ | ४ | ४०० | १६०० |
| जम्मा रु | | | | | | | १६०० |

| असुल गर्नुपर्ने | १,६०० |
|---|---|

३७ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । देहायको निर्माण

सम्वन्धी काम गराउँदा निर्माण कार्यमा प्रयोग भएको ग्याविल जालीको सामाग्रीको गुणस्तर परीक्षण गरिएको नदेखिएकोले नियममा भएको व्यवस्था अनुसार निरीक्षण वा परीक्षण गराउनु पर्दछ ।

| भौचर र मिति | कामको विवरण | सप्लायर्सको नाम | ग्याविनको भुक्तानी |
|---|---|---|---|
| ९४।२०८२।३।१८ | चौरजराही अस्पतालको ग्याविन वाल र घेरावारा कार्य | धर्म कन्स्ट्रक्सन | १५१२५०० |
| १३५।२०८२।३।२४ | घाटीपाखा खौचेनी टाटागाउँ स्यालखोला सडक निर्माण वडा नं १ | ओएचएचएस कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ४६१०५९ |

सैद्धान्तिक बेरुजु

३८ **वीमा शुल्क** (२३५-2082-03-25):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले सम्पुर्ण निर्माण कार्य, कामदार, उपकरण र निर्माण कार्यको बीमा गराउनु पर्ने व्यवस्था छ।शान्तिवजार घर्तिकाडा खागल सडक निमार्ण गर्न निमार्णकार्यको लागत अनुमान गर्दा समावेश गरिएको इन्सुरेन्स वापत्तको रकम अन्तिम वील भुक्तानी हुँदा भुक्तानी भएको देखिन्छ । मिति २०८२।०३।१९ मा जारी पोलिसी को अवधि ०३।०७।२०२५ देखि ०९।२४।२०२५ सम्ममात्र रहेको देखिन्छ। उक्त ठेक्काको सम्झौता अनुसार मिति २०८०।०३।२१ मा कार्यस्वीकार उठाई अन्तिम वील वील भुक्तानीको लागि पेश गरेकोमा निमार्ण अवधिको वीमा नगरि सो भन्दा पछिल्लो अवधिको वीमा गरेर पेश भएको देखिन्छ। उपरोक्त पोलिसीबाट निमार्ण चरणको जोखिमहरु वहन भएको नदेखिएकोले भुक्तानी भएको वीमा वापत्तको रकम रु.२३२११.१३ को उपयोगिता देखिएन। तर्सथ उक्त वीमा वापत्त भुक्तानी भएको असुल गर्नुपर्ने रु.....

| असुल गर्नुपर्ने | २३,२११.१३ |
|---|---|

३९ **मुख्यमन्त्री डिजीटल शिक्षा अनुदान**

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रम अनुसार मुख्यमन्त्री डिजीटल शिक्षाका र नमुना विद्यालय सहयोग कार्यक्रममा विनियोजित बजेटबाट यस कार्यक्रमको लागि छनोट भएको यस नगपालिका अन्तरर्गतको श्री सितल माध्यमिक विद्यालय चौरजहारी नगरपालिका २ को लागि रु.७० लाख निकासा भएको छ । मुख्यमन्त्री डिजीटल शिक्षा र नमुना विद्यालय कार्यक्रम संचालन कार्यविधि २०८१ बुँदा ३ मा यस कार्यक्रम वमोजिम मन्त्रालयले विद्यालयलाई उपलब्ध गराउने सहयोगका क्षेत्र प्रविधियुक्त कक्षा कोठा ब्यवस्थापन र विद्यालयमा प्रविधियुक्त स्रोत कक्षको स्थापना रहेका छन्। सोही कार्यविधिको ३(३) मा विद्यालयमा प्रविधियुक्त कक्षा कोठा ब्यवस्थापन गर्न लागि कक्षा कोठामा ल्यापटप, प्रोजेक्टर, स्मार्टवोर्डर लगायत कार्पेट, राउन्ड टेवल, इन्भटर ब्याकअप, फर्निचर लगायत सामाग्री, कक्षागत तथा विषयगत डिजीटल सिकाई सामाग्री, शैक्षिक भिडीयो फिल्म डकुमेन्टी शिक्षण सिकाई सम्बन्धी सफ्टवेयर खरिद र नवीकरण लगायत छन्। त्यसैगरी ४(४) मा प्रविधि युक्त कक्ष स्थापना गर्न चाहिने आधारभूत पूर्वाधारका विषयहरु उल्लेख छन्। यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय वमोजिम छन्।

३९.१ कार्यविधिले बुँदा १० मा विद्यालयको जिम्मेवारी अन्तरर्गत आधुनिक सूचना प्रविधिको उपयोग गरी शैक्षिक क्रियाकलाप संचालन गर्ने उल्लेख छ । विद्यालयलको स्लथगत अध्ययन गर्दा स्कुल परिसरमा डिजिटल डिस्प्ले वोर्ड र ईहाजिरी डिभाइस मात्र जडान भएको तर राउन्ड टेवल तयार गरिएपनी खरिद गरिएका ल्यापटप, डिजीटल वोर्ड, डिजीटल ल्याव सम्बन्धी अन्य सामाग्री जडान तथा संचालन गरी डिजीटल ल्याब स्थापना र संचालनमा आएको देखिएन । खरिद गरिएका सामाग्री जडान तथा प्रयोग गरी प्रविधियुक्त कक्षा कोठा संचालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९.२ कार्यविधिको बुँदा १६ मा कार्यक्रम संचालनको लागि प्राप्त गरेको रकम कार्यविधि वमोजिम स्वीकृत क्रियाकलाप वाहेक अन्य क्षेत्रमा खर्च गर्न नपाउने उल्लेख गरिएको छ ।पालिका र विद्यालय वीच मिति २०८२।०२।०५ मा स्मार्टवोर्ड खरिद तथा ब्यवस्थापन मा २० लाख, डिजीटल वोर्ड खरिदमा १० लाख, वालमैत्री शौचालय निमार्णमा २५ लाख, ईहाजिरी सफ्टवेयर र डिभाइस खरिदमा १० लाख र कम्प्युटरजन्य सामाग्री खरिदमा १० लाख गरी ७५ लाखको खरिद योजना समेत संलग्न राखी सम्झौता भएको छ। कार्यविधिमा डिजिटल शिक्षामा सहयोग पुग्ने गरी प्रविधियुक्त कक्षा कोठा र प्रविधियुक्त स्रोत कक्ष स्थापनामा विनियोजिन बजेट खर्च गर्नुपर्नेमा एक

थान स्कूलको नाम, ठेगाना, मिति, समय लगायत डिस्पेले हुने डिजिटल डिस्पेले वोर्ड खरिदमा रु.४५९८८७ र वालमैत्री शौचालय निमार्ण कार्यमा रु.२३५९१६० खर्च गरिएको छ । प्रविधियुक्त कक्ष स्थापना निमार्णको लागि विद्यालय भवन निमाण तथा मर्मत संभारमा खर्चगर्न सकिने ४(ज) उल्लेख गरिए पनि उक्त कार्यविधिको समग्र उद्देश्य डिजीटल शिक्षाको माध्यमबाट शैक्षिक सुधारमा प्रत्यक्ष योगदान दिने र कार्यविधिको तोकेका क्षेत्राधिकार भित्र पर्ने गरी खर्च नभएको उपरोक्त खर्चहरु नियम सम्मत नदेखिएको रु.....

| | |
|---|---|
| अनियमित भएको | २८,१९,०४७ |

४० **फरक नर्म्स**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत काम गराउँदा स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार हुने रकममा सम्झौता गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ।यस नगरपालिकाले आर्थिक वर्ष २०८१।८२ को लागि स्वीकृत गरेको नम्स भन्दा फरक पारी देहाय अनुसार दरमा भुक्तानी दिएकोले वढी भुक्तानी गएको छ ।यसरी पालिकाले निर्धारिण गरेको नम्स भन्दा फरक पारी लागत अनुमान तयार गर्न प्राविधिकलाई जिम्मेवार बनाई वढी भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु..........

| गो.भौ.न.।मिति | योजनाको नाम | कार्य विवरण | परीमाण घ मि | दिनुपर्नेदर | दिएको दर | फरक | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ६२।०८१।१२।१४ | राम जानकीमन्दिर मर्मत वडा नं ३ | आरसिसि१:२:६ | १.७२ | ११८६२.०१ | १३५२१.३१ | १६५९ | २८५४ |
| ६४।०८१।१२।२६ | सार्वजनिक प्रतिक्षालय निमार्ण वडा न ६ | पिसिसि१:३:६ | २.०२ | ११८६२.०१ | १३५२१.३१ | १६५९ | ३३५२ |
| | | स्टोनमेशनरी (१:६) | ६.१६ | १०६४३.३२ | १२५२६.१६ | १८८३ | ११५९८ |
| ९२।०८२।०२।०१ | सापखोलाप्रतिक्षालय निमार्ण | पिसिसि१:३:६ | १.१८ | १४५०५.९ | १७२४५.५३ | २७४० | ३२३३ |
| ११९।८२।०३।१७ | रावत धाराप्रतिक्षालय निमार्ण | पिसिसि१:३:६ | १.२३ | ११८६२.०१ | १३५२१.३१ | १६५९ | २०४१ |
| | | स्टोनमेशनरी (१:६) | १.८७ | १०६४३.३२ | १२५२६.१६ | १८८३ | ३५२१ |
| १४६।०८२।।०३। २० | सार्वजनिक प्रतिक्षालय निमार्ण वडा न ११ | स्टोनमेशनरी (१:६) | ६.१६ | १०६४३.३२ | ११६०३.३८ | ९६० | ५९१४ |
| १४८।०८२।।०३। २१ | सार्वजनिक प्रतिक्षालय निमार्ण वडा न ८ | पिसिसि१:३:६ | १.२४ | ११८६२.०१ | १३५२१.३१ | १६५९ | २०५८ |
| | | पिसिसि१:२:४ | ०.३३६ | १३३९७.९१ | १४७४५.५४ | १३४८ | ४५३ |
| १९०।०८२।।०३। २४ | सार्वजनिक प्रतिक्षालय निमार्ण वडा न १४ | पिसिसि१:३:६ | १.६३ | ११८६२.०१ | १३५२१.३१ | १६५९ | २७०५ |
| | | पिसिसि१:२:४ | ०.२४ | १३३९७.९१ | १४७४५.५४ | १३४८ | ३२३ |
| २३१।०८२।।०३। २५ | सार्वजनिक प्रतिक्षालय निमार्ण वडा न १३ | पिसिसि१:३:६ | १.८८ | ११८६२.०१ | १३५२१.३१ | १६५९ | ३११९ |
| | | पिसिसि१:२:४ | ०.११ | १३३९७.९१ | १४७४५.५४ | १३४८ | १४८ |
| २४१।०८२।।०३। २५ | सार्वजनिक प्रतिक्षालय निमार्ण वडा न १० | पिसिसि१:३:६ | ०.२६ | ११८६२.०१ | १३५२१.३१ | १६५९ | ४३१ |
| | | पिसिसि१:२:४ | ०.३४ | १३३९७.९१ | १४७४५.५४ | १३४८ | ४५८ |
| | | | | | | जम्मा | ४२२०८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,२०८ |

४१ **१५ शैय्या आधारभुत अस्पताल भवन निर्माण कार्य**

पन्ध्र बेडको प्राथमिक अस्पताल भवन निर्माणका लागि मूल्य अभिवृद्धि कर र पिएस समेत रु.१९९६८९५०४।०० को लागत अनुमान स्वीकृत गरी विद्युतीय बोलपत्रका माध्यमबाट छनौट भएको बिकोइ जय बागेश्वरी माता जे.भी सँग २०७८।९।०९ मा २०८० ।०५।३० मा कार्य सम्पन्न गर्ने गरी रु. १३,३१,५३,५३३।५० (मु.अ.कर र पिएस समेत) मा सम्झौता भएकोमा नगर कार्यपालिकाको निर्णयअनुसार तेस्रो पटक २०८२ असार मसान्तसम्म म्याद थप भएको छ। हालसम्म पेश्कि वाहेक रु.३३५०५५० भुक्तानी भएको विवरण पेश भएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन:

४१.१ सार्वजनिक खरिद ऐन २०६४ को दफा ५९(१)२(क) मा आपूर्तिकर्ता परामर्शदाता सेवा प्रदायक वा निमार्ण ब्यवसायीले खरिद सम्झौता वमोजिम कार्य सम्पादन नगरेमा वा पेश्किको दुरुपयोग गरेमा खरिद सम्झौताको अन्त्य गर्न सकिने, सोही ऐनको उपदफा ७ मा

सार्वजनिक निकाय सँग खरिद सम्झौता गर्नेले सम्झौता वमोजिम काम शुरु नगरेमा, काम शुरु गरी वीचमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै वखत अन्त्य गर्न सकिने ब्यवस्था छ । पालिकाले १५ शैयाको अस्पताल निर्माणका लागि गरेको सम्झौता बमोजिम २०८०।५।९ मा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा शुरु सम्पन्न अवधीमा तीन पटक म्याद थप भएकोमा उक्त म्याद २०८२।०३।३२ मा समाप्त भइको छ । आर्थिक वर्ष २०८०।८१ र २०८१।८२ मा निर्माण व्यवसायीले कुनै कार्य गरेको तथा भुक्तानी भएको पाइएन। निर्माण व्यवसायीले सम्झौता कार्यान्वियन नगरेको, सम्झौता अवधीको सत प्रतिशत म्याद समाप्त हुँदा समेत भौतिक प्रगती ५ प्रतिशत भन्दा न्यून देखिएकोले उक्त ठेक्का रुग्ण बन्दै गएको देखिन्छ। पटक पटक म्याद थप गर्ने तर कार्य प्रगति नगर्ने निमार्ण ब्यवसायीलाई जिम्मेवार बनाई सार्वजनिक खरिद ऐन, २०६३ र सम्झौता बमोजिम आवश्यक कारवाही गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४१.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) अनुसार निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधी भित्र सम्पादन गर्न नसकेको कारणले यस नियम बमोजिमको पेश्की खर्च हुन नसकेमा सार्वजनिक निकायले उपनियम ३ बमोजिमको बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण प्रतिवेदनमा निर्माण व्यवसायीले सम्झौता बमोजिम काम नगरेको हुँदा मोविलाइजेशन पेश्की रु.२५१२००००। निजको बैंकको अग्रिम जमानतबाट व्याजसमेत असुल गर्नुपर्ने व्यहोरा औल्याएकोमा २०८२ भाद्र मसान्त सम्म असूल भएको छैन्। उक्त पेक्कि जमानतको म्याद मिति २०७९।११।८ मा सकिएकोमा कार्यालयले पेश्की जमानत जफतको लागि म्याद भित्र पहल गरेको देखिएन ।चलानी नम्बर ४६७ मिति २०८०।७।३ मा प्राइम कमर्सियल बैंकलाई पत्राचार गरेकोमा वैङ्कबाट जफानत जफत गरी पालिकालाई पठाएको देखिएन । पेश्कि जमानत जफतको लागि नेपाल राष्ट्र बैंकसँग समन्वय गरी पेश्की रकम र ब्याज समेत असूल गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ४२ उपभोक्ता समितिको कार्य

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका नगरपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

• कार्यालयले योजना सञ्चालन एवं कार्यान्वियनमा संलग्न उपभोक्ता समितिको अभिलेख व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।

• हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन ।

• 20 लाखभन्दा बढीका निर्माण कार्यको बीमा गराएको छैन ।

• उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

• उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

• पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।

• उपभोक्ता समिति दर्ता हुने नगरेको

• निर्माण गर्ने योजनामा ड्रइङ्ग तयार गरेको पाइएन ।

• नगरपालिकाले सडक तथा बाटो निर्माण, ग्राभेल, बल्क बिछाउने तथा स्तरउन्नती गर्ने, ढल निर्माण, सरसफाई तथा मर्मत लगायतका कार्यमा प्राविधिकले लागत अनुमान तयार गरी रनिङ बिल भुक्तानी गर्दा तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा समेत सडकको चेनेज

खुलाइको पाईएन ।

• पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।

उपरोक्त सुझावहरु कार्यान्वयन गरी उपभोक्ता मार्फत हुने निमार्ण कार्यलाई ब्यस्थित र मितब्ययी बनाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४३ **निमार्ण ब्यवसायी मार्फत काम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राहि समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने व्यवस्था छ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्राक्टरबाट गराउन सक्ने छैन भन्ने व्यवस्था रहेको छ। कुनै कारणबस समितिले काम गर्न नसकेमा सो सम्बन्धमा आवश्यक जाँच गरी सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम यस नियम र नियमावली बमोजिम गराउनु पर्ने व्यवस्था रहेको छ। यस पालिका अन्तरगत निम्नानुसारका योजनामा उपभोक्ता समितिले सम्झौता गरेकोमा सबै काम सब-कन्ट्राक्टरबाट गराएको देखियो। यसरी निमार्ण ब्यवसायीबाट काम गराउँदा उपभोक्ताको लागत सहभागिता रुपमा हुनुपर्ने नगद तथा श्रमदानको पुष्टियाई नहुने तथा निमार्ण ब्यवसायीलाई दिएको भुक्तानी समेत पुष्टी नहुने अवस्था रहन्छ । उपभोक्ता सँग सम्झौता गरी निमार्ण ब्यवसायीबाट काम गराउने प्रवृत्तीलाई निरुत्साहित गर्न उपभोक्ताको लागत सहभागिता वापत्तको रकम नगद रुपमा कार्यालयमा जम्मा गर्न लगाई निमार्ण ब्यवसायीलाई कार्यालयले सोझै वैकिङ प्रणालीबाट भुक्तानी दिनुपर्दछ। पालिकाले लागत अनुमानमा मेशिन प्रयोग गर्ने गरी तयार गरेपनि उपभोक्ता मार्फत विना प्रतिस्पर्धा १० लाख भन्दा माथीको काम सोझै निमार्ण ब्यवसायीबाट गराउनु नियमसम्मत नदेखिएको रु.

| भौ नं | योजना | फर्मको नाम | लागत अनुमान | प्राविधिक मूल्यांकन | हेभी मेसिन अंश | भुक्तानी |
|---|---|---|---|---|---|---|
| ५८।३।५ | नुवारी धामीखोला सल्लेरी सडक चौरजहारी ११ | पिएम कन्ट्रक्सन एण्ड सप्लायर्स | १६९९५२० | १६३३९७९.८७ | १४८३६९० | १३८४४६७ |

| अनियमित भएको | १३,८४,४६७ |
|---|---|

४४ **चिलिङ भ्याट खरिद**

संघ शर्सत अनुदान अन्तरगत आर्थिक वर्ष २०८१।८२ मा यस पालिकामा दुग्ध संकलन केन्द्र निमार्ण चिलिङ भ्याट खरिद तथा जडान समेत शीर्षकमा रु. १ करोड बजेट निकासा भएको मा चिलिङ भ्याट जडानको लागि भवन निमार्ण रु. ६०४१९४३ र चिलिङ भ्याट खरिदको लागि रु. २०५०८५० समेत जम्मा रु.८०९२७९३ खर्च भएको छ । यस सम्बन्धमा देखिएका थप ब्यहोरा देहाय वमोजिम छन्।

४४.१ सार्वजनिक खरिद नियमावली, २०६४ निमय ८५ अनुसार लागत अनुमान रु. १० लाख सम्मको निर्माण कार्य वा मालसामान र ५ लाख सम्मको परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न सकिने, नियम ८४ अनुसार निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा रु. १० लाख भन्दा वढी भएमा सिलवन्दी दरभाउपत्र र रु. २० लाख भन्दा वढी भएमा नियम ३१ अनुसार वोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने उल्लेख छ।पालिकाले वडा नं ३ र ११ का लागि चिलिङ भ्याट (३००० लिटर) खरिद कार्यका लागि पालिका एग्रो कन्सर्न प्रालिसँग दुई पटक गरी रु.२०५०९५० मा सम्झौता भएको देखिन्छ । उक्त खरिद कार्य सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम एउटै प्याकेजमा ठेक्का प्रक्रियाबाट खरिद गर्नुपर्नेमा टुक्रा खरिद गरेको देखिँदा उक्त खरिद कार्य अनियमित भएको रु.......

| **भौचर र मिति** | फर्मको नाम | रकम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने |
|---|---|---|---|---|
| ८६।२०८२।३।२५ | पालिका एग्रो कन्सर्न प्राली | १०२५४७५ | २०८२।३।२२ | २०८२।३।२५ |
| ९२।२०८२।३।२५ | | **१०२५४७५** | २०८२।३।२२ | २०८२।३।२५ |

| अनियमित भएको | २०,५०,९५० |
|---|---|

४४.२

चौरजहारी नगरपालिकाको खोलागाउँमा चिलिङ भ्याट जडानको लागि रु.७४२३०७६ लागत अनुमान तयार गरी उपभोक्ता सँग मिति २०८२।०१।०८ मा सम्झौता गरेकोमा २०८२।०३।२४ गते कार्य सम्पन्न गरेको भनी नगरपालिकाबाट रु.६०४१९४३ र जनश्रमदान रु.७३१८७६ समेत जम्मा रु.६७०२८०४ को कार्य सम्पन्न तयार गरिएको छ।आर्थिक वर्षको शुरुमा बजेट निकासा भएपनी समयमै ठेक्का सम्झौता नहुँदा तेस्रो चौमासिकमा उपभोक्ता सँग सम्झौता गरी कार्य गरेको देखिन्छ।निमार्ण सम्पन्न भवनमा तथा खरिद गरिएको चिलिङ भ्याटको स्वामित्व कसमा रहने, यसको संचालन कार्ययोजना तथा मोडालिटी के हुने यस सम्बन्धमा पालिकाले कुनै तयारी गरेको देखिएन । पालिकाले स्वामित्व कसमा रहने तथा संचालन मोडालिटी के हुने निर्धारण गरी निर्मित संरचना तथा खरिद उपकरणको जडान गरी उपयोगमा ल्याउन तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **नमुना विद्यालय भौतिक पूर्वाधार**

हिमालय माध्यमिक विद्यालय खोलागाउँ अन्तरसरकारी वित्तीय हस्तातरण अन्तरर्गत रु.१ करोड प्राप्त भएकोमा महिला छात्रवास निमार्णको लागि रु.७६८९०७३ कवोल गरी मिति २०८२।०१।१२ मा सम्झौता भएको छ । उक्त ठेक्का प्रक्रियमा भवनको दुई तलाको विम र कोलम र पहिलो तलाको इटाको गारो, झ्याल ढोका समेत समावेश गरि ठेक्काबाट निमार्ण गरिएको छ भने वाँकी दोस्रो तलाको इटाको वाल, झ्याल ढोका र प्लास्टरको काम उपभोक्ता समितबाट कार्य गराउने गरी सम्झौता भएको देखिन्छ ।यस सम्बन्धमा अन्य व्यहोरा देहायवमोजिम छन्।

४५.१ पालिकाले भवनको माथिल्लो तलामा उपभोक्ता समिति मार्फत निमार्ण कार्य गर्ने गरी लागत अनुमान रु.१९०९०५९ कायम गरी मिति २०८१।०९।१९ मा विद्यालय ब्यवस्थापन समिति सँग सम्झौता गरेको छ ।उक्त सम्झौता अनुसार २०८२।०३।२५ मा कार्य सम्पन्न हुनुपर्नेमा पालिकाको पदाधिकारी सहित स्थलगत अनुगमनको क्रममा उपभोक्ताको खण्डमा २०८२ भाद्र १० गते सम्म पिसिसि, सोलिङ, प्लाष्टर र भर्याङ छोप्ने लगायतका काम भैइरहेको देखिन्छ । पालिकाले नापी किताब उठाई विद्यालयको खातामा रकम निकासा दिएको देखिएपनी नापी अनुसारको सम्पूर्ण कार्य सम्पन्न भएको देखिएन। तर्सथ विद्यालयको खातामा निकासा भएको रु.१८००००० रकम रोक्का राखी कार्य सम्पन्न पश्चात पुन नापँजाँच गरी मात्र भुक्तानी दिई उक्त उपभोक्ता समिति मार्फत भएको कामको कार्य सम्पन्न पेश हुनुपर्ने रु......





हिमालय माध्यमिक विद्यालय भवन

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,००,००० |

४५.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत काम गराउँदा स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार हुने रकममा सम्झौता गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ।उपभोक्ता समितिबाट हिमालय माध्यमिक विद्यालय भवन निमार्णको कार्यको लागि उपभोक्ता समिति सँग सम्झौता भएकोमा उक्त भवनको भुक्तानी हुँदा पालिकाबाट यस आर्थिक वर्षको लागि निर्धारण गरीएको स्वीकृत दररेट अनुसारका दरहरु लागत अनुमानमा राखी सोही वमोजिम भुक्तानी दिनुपर्नेमा देहाय वमोजिमको कार्यमा फरक दर प्रयोग भएको देखिएकोले उक्त वढी दरमा भुक्त्तानी भएको रकम रु.५१७१७ असूल गर्नुपर्ने रु.........

| कार्य विवरण | परीमाण घ मि | दिनुपर्नेदर | दिएको दर | फरक | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| मेशिनको प्रयोग गरी सुपरस्टक्चरमा सिमेन्ट कन्क्रिट गर्ने काम (1:1.5:1) | ३.४३ | १४५०५.९० | १७२४५.५३ | २७३९.६३ | ९३९७.९३ |
| १२।५ एम एम वाक्लो सिमेन्ट वालुवा(१:४)सिलिङ वाहेक अन्यत्र प्लास्टर गर्ने | ७०१.८६ | ४११.३१ | ४६५.७६ | ५४।४५ | ३८२१६ |
| | | | | जम्मा | ५१७१७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,७१७ |

४६ **परामर्श खर्च**

परामर्शः सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरिएको छ । यो वर्ष परामर्शदातावाट डी.पी.आर गर्ने कार्य गराइ देहाय वमोजिम भुक्तानी गरेको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | खर्च रकम |
|---|---|---|---|
| 1 | ढुङ्गा गिटी बालुवाको उत्खननको लागि आईई र ८ नंम्बर वडा कार्यालयल डिपिआरको लागि लागत अनुमान | सिभिल क्रिएसन्स नेपाल | रु.८०२१६५.०८ |

क) परामर्श सेवाको लागी लागत अनुमान तयार गर्दा लाग्ने आवश्यक जनशक्ति निर्धारण सहितको स्वीकृत नर्म्स तयार नगरीएकोले स्वीकृत लागत अनुमान यथार्थपरक छ भनी यकिन हुन सकिएन।

(ख) कार्यालयको प्राविधिक जनशक्तिवाट हुन नसक्ने योजना मात्र आउट सोर्सिङ्ग गरी कार्य गराउनु पर्नेमा कार्यालयको जनशक्तिबाट हुन सक्ने/नसक्ने यकिन नगरी परामर्शदातावाट कार्य गराएको पाइयो ।

(ग) तयार गरिएका डि.पी.आरमध्ये मध्ये ८ नम्बर वडा कार्यालय निमार्ण सम्बन्धी ठेक्का लागेको छ भने ढुङ्गा गिटी बालुवाको उत्खननको ठेक्का लागेको छैन। कार्यान्वयनयोग्य आयोजनाको मात्र डि.पि.आर तयार हुनुपर्दछ ।

(घ) आशय पत्रको माग सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा सार्वजनिक निकायले २० लाख रुपैयाँ भन्दा कम रकमको परामर्श सेवा परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने र प्रस्ताव माग गर्दा सम्भव भए सम्म ६ वटा र कम्तीमा ३ वटा परामर्शदातालाई प्रस्ताव सम्वन्धि कागजात पठाई प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । पालिकाले २० लाख रुपैयाँ भन्दा कम रकमको परामर्श सेवा खरिद गर्दा नियमावलीमा भएको व्यवस्था बमोजिम ६ वटा परामर्शदाताबाट प्रस्ताव माग गर्नुपर्नेमा ३ वटा परामर्शदाताबाट प्रस्ताव माग गरी खरिद कार्य गरेको देखियो । पालिकाले सम्भव भए सम्म खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम ६ वटा परामर्शदाता संग प्रस्ताव माग गरी खरिद कार्यलाई अधिकतम रुपमा मितव्ययी र प्रतिष्पर्धी वनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १४ वडामा १७ योजना सञ्चालन गरी यसवर्ष ९५ जनालाई ९६ दिन रोजगारी उपलव्ध गराई रु.८९४३०६९। श्रमिको ज्यालामा खर्च गरेको छ। पालिकाले नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४८ मूख्यमन्त्री रोजगार कार्यक्रम

कर्णाली प्रदेश सरकारबाट स्वीकृत कर्णाली प्रदेश मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७८ अनुसार यस पालिकामा १४ वटा योजना निर्माण गर्ने गरी प्रति योजना १५ लाखको दरले रु २ करोड १० लाख बजेट बिनियोजन भएकोमा १४ वटा योजना सम्पन्न भइ रु.१ करोड ९७ लाख ७ हजार खर्च भएको देखिन्छ।मूख्यमन्त्री रोजगार कार्यक्रमबाट पालिकामा सूचिकृत बेरोजगारहरू २१५ जनालाई ६० दिनसम्म रोजगारी सिर्जना गरी खर्च गरेको देखिन्छ। रोजगार कार्यक्रमको लागि सामग्री खरिद समेत गरेको देखिएकोले पालिकाले समेत लागत साझेदारी गरी अल्पकालिन रोजगारी सिर्जना भन्दा दिर्घकालिन रोजगारीको लागि पहल गर्नु पर्दछ।

| गो भौ नं र मिति | कार्यक्रमको नाम | रोजगारी पाउने संख्या | खर्च रकम |
|---|---|---|---|
| ४।१२।३ | शान्तिबजार दमार आक्चेखोला तल्नापोरा पैदल मार्ग वडा नं ६ | १७ | १४७०००० |
| ८।१२।०५ | कार्किटोल सडक स्तरोन्नती वडा नं ३ | १४ | १४७०००० |
| १८।१२।२५ | छहराखोला एक्लेसाल बारमासे सिचाइ पोखरी निर्माण वडा नं ४ | १५ | १४७०००० |
| २४।१।४ | खोप्री सिचाइ कुलो निर्माण वडा २ | १४ | १४७०००० |
| १६।१।४ | देवल सुनार गाउ हुँदै ठोसा ढिकसम्म सिचाइ कुलो निर्माण वडा नं १ | १४ | १३७८०६१ |
| २८।१।४ | खहरे रातामाटा दलित बस्तिजोखिम नियन्त्रण वडा नं ५ | १४ | १४७०००० |
| ३४।१।९ | ८ नं सिचाइ पोखरी निर्माण | १५ | १४७०००० |
| ३८।१।२१ | मावि कोटजहारी घेराबार निर्माण वडा नं ७ | १४ | १४७०००० |
| ४४।२।११ | जुरुढुंगा दारबमबोट पेदिखेद सिचाइ कुलो निर्माण वडाँ नं १४ | १४ | १४३१८८१ |
| ५५।३।५ | शहिद स्मृति कृषि उपज संकलन तथा प्रशोधन भवन वडा नं १० | १४ | १४७०००० |
| ७८।३।१३ | काफलपानी ओखरबारी लिफ्ट खानेपानी मर्मत तथा घेराबार ९ | १५ | १४७०००० |
| ११४।३।२१ | साक्चाखोला धुसुबगर सिचाइ कुलो निर्माण वडा नं १३ | १४ | १४६३६९५ |
| १२२।३।२३ | बस्नेवटा राहुडाडा सडक निर्माण वडा नं ११ | १४ | ९२३४५२.५६ |
| १६३।३।२५ | पतेरी सिचाइ कुलो निर्माण वडा १२ | १३ | ७३५००० |

सैद्धान्तिक बेरुजु

## ४९ सामाजिक सुरक्षा भत्ता वितरण

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षा कार्यक्रममा यस वर्ष रु ११,८८,०४,२१३।१५ खर्च भएकोमा देखिएका व्यहोराहरु निम्न अनुसार छन्

४९.१ परदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन ।

सैद्धान्तिक बेरुजु

४९.२ निष्कृय खाता : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले निस्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने ब्यवस्था छ । नगरपालिकाले यस आ.व.मा लक्ष्मी सनराईज बैंक, नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा लेखापरीक्षणको क्रममा निस्कृय खाताको विवरण माग गर्दा नेपाल बैंक लिमिटेडका मा खाता रहेका ६८ जना लाभग्राहीको निषकृय खाताको विवरण प्राप्त भएको छ । यस सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी निष्कृय खाताको विवरण सम्बन्धमा लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले खाता निष्कृय भएको हो यकिन गरेर सम्बन्धित बैँकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९.३ एम.आई.एस. विवरण : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम आई एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । नगरपालिकाबाट प्राप्त एम.आई.एसमूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना प्र.प्र.नं दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९.४ बैँक रुजु : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैँकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैँकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ ।तर पालिकाले सेवा प्रदायक बैँकबाट अनुसुची ११ बमोजिम ढाँचामा प्राप्त गरी आवश्यक छानबिन गर्ने गरेको छैन ।

सैद्धान्तिक बेरुजु

४९.५ लाभग्राहीको संख्याः नगरपालिकाले आर्थिक वर्ष २०८1।८2 मा सामाजिक सुरक्षा भत्ता वापत वडा नं. १ देखि १४ सम्मका लागी निम्नानुसारको संख्यामा लाभग्राहीको खातामा EFT निकासा गरेको कार्यालयवाट प्राप्त विवरणवाट देखिन्छ । नगरपालिकाले यो वर्ष 14 वटै वडामा भत्ता वितरण गर्दा लक्ष्मी सनराईज बैंक, नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकमा खाता भएका लाभग्राहीलाई रु. ११,८८,०४,२१३।१५ निकासा गरेको छ । आ व २०८०।८१ देखि EFT मार्फत सोझै लाभग्राहीको खातामा रकम जम्मा हुने गरेकोले अन्तीम त्रैमासिकमा निकासा सम्बन्धमा कार्यालयले वैंकसंग समन्वय गरी तथ्याङ्क यकिन गरी बांकी रकम फिर्ता गर्नुपर्दछ । यस वर्ष नगरपालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको अभिलेख देहाय अनुसार छ ।

| क्र.स | लक्षितसमुह | पहिलो | दोस्रो | तेस्रो | चौचो | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | जेष्ठ अन्य | १४१९ | १४१३ | १४३३ | १४४३ | ५७०८ |
| २ | जेष्ठ दलित | २७१ | २७६ | २८३ | २९४ | ११२४ |
| ३ | एकल महिला | १३४ | १३४ | १३५ | १३६ | ५३९ |
| ४ | विधुवा | ४०५ | ४१० | ४१६ | ४२१ | १६५२ |
| ५ | पुर्णअपाङ्ग | ७२ | ७३ | ७३ | ७३ | २९१ |
| ६ | अति अशक्त | १०२ | १०४ | १०८ | १०८ | ४२२ |
| ७ | दलितबालबालिका | ७९५ | ८२० | ८३७ | ८२२ | ३२७४ |
| ८ | क्षेत्रतोकिएका बालबालिका | २०९३ | २१०३ | २१०४ | २०५८ | ८३५८ |
| | जम्मा | ५२९१ | ५३३३ | ५३८९ | ५३५५ | २१३६८ |

सैद्धान्तिक बेरुजु

४९.६ मृत्यु तथा लगत कट्टा भएका लाभग्राहीलाई भत्ता : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को अनुसुची १०(९) बमोजिम निष्कृय खाताहरुको विवरण तोकिएको समयमा पालिका तथा पञ्जिकरण विभागमा पठाउनुपर्नेमा पठाएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्याविधि २०७७ को बुँदा १५ अनुसार भत्ता खाइपाइ आएको कुनै लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था रहेकोमा कार्यालयलाई बैंकबाट प्राप्त रिभर्स फिड र ब्याच ईन्ट्रिको नमुना रुपमा परिक्षण गर्दा तपसिल बमोजिमको मृत्यु भएका तथा लगत कट्टा भएका लाभग्राहिहरुले पाउने रकम भन्दा बढी रकम बैक दाखिला गरेको देखिएकोले सो सम्बन्धमा पालिकाले आवश्यक छानवीन गरि बढी रकम दाखिला भएमा बढी दाखिला भएको रकम असुल गरी केन्द्रीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| वडा नं. | परिचय नं. | नाम | लगत कट्टाको कारण | लगत कट्टा लागुमिति | दिन | दर | निकाशा हुनुपर्ने रकम | जम्मा भएको रकम | फरक रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| 3 | २००५१२३२४४२७६ | थेपो रावत | मृत्यु | 2081-10-29 | २०९ | १३३ | २७८६७ | ३६००० | ८१३३ |
| 3 | १९९८०११००५१६६ | खिमे वली | मृत्यु | 2081-12-14 | २५४ | १३३ | ३३८६७ | ३६००० | २१३३ |
| 3 | १९९५०१०१३०९८७ | हांसु जैसी | मृत्यु | 2081-09-17 | १६७ | १३३ | २२२६७ | २४००० | १७३३ |
| 14 | २००१०१०१६२१५२ | लाली राना | मृत्यु | 2081-09-17 | १६७ | १३३ | २२२६७ | २४००० | १७३३ |
| 8 | १९८९०१०१०९०३४ | पदमी बुढा | मृत्यु | 2081-06-08 | ६८ | १३३ | ९०६७ | १२००० | २९३३ |
| जम्मा रु | | | | | | | | | १६६६७ |

| असुल गर्नुपर्ने | १६,६६५ |
|---|---|

४९.७ प्रतिवेदन : सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्ने मा सो अनुसार पठाउने गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

५० **राजश्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। वडाको कर तथा दस्तुर असूली तथा दाखिला गर्ने सम्बन्धमा नमुना छनौट बमोजिम परिक्षण गर्दा पालिकामा रहेको वडा नं. १०, १२ र १५ ले देहाय बमोजिम ढिलो गरी राजश्व दाखिला गर्ने गरेको पाइयो। कार्यालयमा रकम प्राप्त भएपछि सोही दिन तथा सोही दिन वा भोलिपल्ट बैङ्क दाखिला गर्नुपर्नेमा नगर्नुको उचित र मनासिव कारण देखिएन। कार्यालयले नियमानुसार सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई तोकिएको समयमा राजश्व रकम संचित कोषमा दाखिला गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

५१ **राजस्व लक्ष्य असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकिकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ।विभिन्न ३४ शिर्षकमा राजस्व संकलनको लागि लक्ष्य निर्धारण भएकोमा ५ वटा शीर्षकमा मात्र लक्ष्यको तुलनामा वढी प्रगती भएको छ ।संलग्न अनुसूची वमोजिम वाँकी शीर्षकहरु मध्ये १० शीर्षकमा शुन्य प्रगती, ५ शीर्षकमा ५० प्रतिशत भन्दा घटी प्रगती भएको देखिन्छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति अनुसूचीमा रहेको देखिन्छ ।

पालिकाको समग्र राजश्व अनुमान यथार्थपरक नरहेको तथा आफ्नो क्षेत्राधिकार भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

सैद्धान्तिक बेरुजु

५२ **निर्माण क्षेत्रका आयोजनाहरुसँग समन्वय**

नगरपालिकाको क्षेत्राधिकार भित्र संघ सरकार अन्तर्गत भेरि करिडोर, राष्ट्री राजमार्ग, र प्रदेश सरकार अन्तर्गतका विभिन्न सडक निर्माणधिन रहेको तथा भुकम्प पश्चात निजी आवसहरु निर्माण चरणमा रहेको देखिन्छ । उक्त आयोजना निर्माण गर्दा स्थानीय ढुङ्गा, गिट्टी, बालुवा र माटोको प्रयोग भएको अवस्था छ। त्यस्तै नगरपालिका भित्रका विभिन्नन योजनाहरुमा समेत निर्माण सामाग्रीको प्रयोग भएको देखिदा नगरपालिकाले सबै सरोकारवालसँग समन्वय गरी स्थानीय ढुङ्गा, गिट्टी, बालुवा र माटोको रोयल्टी संकलन गरिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५३ **दहत्तर वहत्तर संकलन**

५३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १(च) मा ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने व्यवस्था रहेको छ । त्यसै गरी ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा विक्री वितरणलाई व्यवस्थित गर्नका लागि “ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९” जारी गरेको छ।उल्लेखित व्यवस्था अनुसार पालिकाले भेरी नदीको कोरिडोरको देहाय अनुसार ८ स्थानहरुबाट प्रारम्भिक वातावरणीय मुल्याङ्कन प्रतिवेदन अनुसार २७,५४,४९२ घ.फि. परिमाण उत्खनन्, संकलन तथा निकासी गरी अनुसूची उल्लेख भए वमोजिम रु.१,३७,७२,४६०।-राजश्व आर्जन गर्न सकिने देखिन्छ। पालिकाले यस वर्ष सूचना प्रकाशन गरी आय ठेक्का लगाउन सूचना प्रकाशन गरेको देखिए पनि ठेक्का व्यवस्थापन हुन सकेको देखिएन।केही स्थानमा अमानतबाट कर संकलन गरेको देखियो। यसवर्ष पालिकाले नगर प्रहरी परिचालन गरि अमानतबाट जम्मा रु.७,०६,३३९६।- कर संकलन गरेको विवरण पेश गरेको छ ।

(विस्तृत विवरण बेरूजु दफा ५३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

सैद्धान्तिक बेरुजु

५३.२ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ को दफा ७ मा उत्खनन् वा सङ्कलनको परिमाण नियन्त्रण सम्बन्धी व्यवस्था रहेको छ । घाटगद्दी क्षेत्रबाट संकलन तथा निकासी हुने परिमाणको दैनिक रुपमा रजिष्टरमा टिपोट गर्ने र प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरेको परिमाण भन्दा ननाघ्ने गरी नियन्त्रणको व्यवस्था गर्नुपर्नेमा नगरेको तथा उल्लेखित मापदण्डहरुको पालना सम्बन्धमा पालिकाबाट आवश्यकता अनुसार निरीक्षण अनुगमन गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा नदीजन्य पदार्थको विक्री परिमाण यथार्थपरक छ, मापदण्डको पूर्ण पालना भएको छ भन्ने देखिएन । यसरी मापदण्डको पूर्ण पालना बेगर असूली तथा दाखिला भएको रकम समेत यथार्थपरक छ भन्न सकिने नदेखिएको हुँदा पालिकाले यकिन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५३.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ तथा ५९ मा दैनिक तथा वार्षिक रूपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी स्रेस्ता राख्नुपर्ने व्यवस्था गरेको छ ।त्यस्तै म.ले.प.फा नं ९०४ मा रसिद नियन्त्रण खाताको ढाँचा तोकिएको छ। पालिकाले यस बर्ष ९२ थान नगदी रसिदको छपाई गरी ९१ थान प्रयोग गरेको देखियो। कर्मचारीले जिम्मामा लिएर नगदी रसिद जारी गरे पश्चात सबै उल्लेखित सेवा शुल्क राजश्व दाखिला भएको यकिन गर्न नगरपालिकाले जारी गरेको नगदी रसिदको प्रभावकारी नियमन गरी राजश्व दुरुपयोग नहुने गरी नियन्त्रण प्रणालीको व्यवस्था मिलाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५४ **पारिश्रमिक कर**

आय कर ऐन ,२०५८ को दफा ८७(१)मा प्रत्येक वासिन्दा रोजगारदाताले रोजगारवाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची-१ बमोजिमको दरले हुने कर कट्टी गर्नुपर्ने व्यवस्था छ । सहिद स्मृती अस्पतालमा कार्यरत डाक्टर विवेक के.सी लाई तलव भत्ता वापत रु.१५,४३,७३४।– बार्षिक भुक्तानी भएकोमा नियमानुसार पाउने छुट सुविधा कट्टा गरी रु।२,२४,१२०।-पारिश्रमिक कर घटाएर भुक्तानी दिनुपर्नेमा जम्मा रु.१,४४,२२१।- मात्र कट्टा गरेको देखिएकाले छुट भएको कर रकम रु. ७९,८९८।- सम्बन्धितबाट असुल गर्नुपर्ने रु..

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,८९८ |

५५ **घटी कर कट्टी**

आय कर ऐन ,२०५८ को दफा ८८(१)मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको सेवा शुल्कको भुक्तानीमा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका व्यक्तिहरुलाई सेवा शुल्क भुक्तानीमा घटी कर कट्टी गरेको देखिएकाले घटी कर रकम रु.२२,२७८।०० सम्बन्धितबाट असुल हुनुपर्दछ।

| गो.भौ नं र मिति | भुक्तानी लिने व्यक्तिको नाम | भुक्तानी भएको रकम | कर रकम |
|---|---|---|---|
| १३०२-२०८२।०३।२५ | प्रेमध्वज शाही कानून व्यवसायी | ७०५०० | १०५७५ |
| १३०२-२०८२।०३।२५ | एलिशा इन्जिनियरिङ कन्स्ल्टेन्सी | ८६६८९ | ११७०३ |
| जम्मा | | | २२२७८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,२७८ |

५६ **विपद् व्यवस्थापन कोष**

विपद व्यवस्थापन कोष : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । विपत व्यवस्थापन कोषमा गत वर्षको जिम्मेवारी रु. ७,०४,१३८।८१ र यस वर्षको आम्दानी रु. १०,३२,५५,००० समेत रु.१७,३७,३२,१३८।८१ जम्मा आम्दानी बाँधेकोमा कार्यालयबाट रु.१६,५६,३६,४३४ खर्च भई रु. ८०,९५,७०४।८१ मौज्दात रहेको छ। यस सम्बन्धमा देखिएका थप ब्यहोरा देहाय वमोजिम छन्।

| **विवरण** | **रकम** |
|---|---|
| अस्थायी आवास दोस्रो किस्ता | १६,५२,२५,००० |
| विपद् प्रतिकार्य सामाग्री खरिद | १,००,००० |
| गरिवी असहाय नागरिकलाई आर्थिक सहायता तथा औषधी उपचार खर्च | २३६,४३४ |
| भुकम्प पुननिर्माण लाभग्राहीलाई भुक्तानी खर्च प्रथम किस्ता | ५०,००० |
| अन्य | २५,००० |
| **जम्मा** | १६,५६,३६,४३४ |

५६.१ वार्षिक प्रतिवेदन : विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी सम्वन्धीत समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५६.२ वि.स. २०८० कार्तिक १७ गते जाजरकोट केन्द्रविन्दु भएर गएको भुकम्पमा क्षतिग्रस्त भएको घर तथा आवासको अस्थायी व्यवस्थापनको लागि प्रति परिवार रु.५००००।०० अनुदान दिने गरी कार्यविधि स्वीकृत भएको र सो अनुसार छनौट भएको लाभग्राहीको लागि पालिकालाई निम्न तालिका बमोजिम भुक्तानी भएको छ ।

| वडा नं. | लाभग्राही संख्या | पहिलो किस्ता प्राप्त गर्ने लाभग्राहीको संख्या | रकम | पहिलो किस्ताको बाँकी | भुक्तानी हुन बाँकी रकम | दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राही संख्या | रकम | दोस्रो किस्ता प्राप्त गर्ने बाँकी लाभग्राही संख्या | दोस्रो किस्ताको भुक्तानी हुन बाँकी रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६८३ | ६८३ | १७०७५००० | ० | ० | ६१९ | १५४७५००० | ६४ | १६००००० |
| २ | २५९ | २५९ | ६४७५००० | ० | ० | २५४ | ६३५०००० | ५ | १२५००० |
| ३ | ४४९ | ४४९ | ११२२५००० | ० | ० | ४३६ | १०९००००० | १३ | ३२५००० |
| ४ | ४७१ | ४७१ | ११७७५००० | ० | ० | ४६८ | ११७००००० | ३ | ७५००० |
| ५ | ४०० | ४०० | १०००००००  | ० | ० | ३६५ | ९१२५००० | ३५ | ८७५००० |
| ६ | ५०६ | ५०६ | १२६५०००० | ० | ० | ४९७ | १२४२५००० | ९ | २२५००० |
| ७ | ४३० | ४३० | १०७५०००० | ० | ० | ३८७ | ९६७५००० | ४३ | १०७५००० |
| ८ | ५२२ | ५२२ | १३०५०००० | ० | ० | ५१३ | १२८२५००० | ९ | २२५००० |
| ९ | ३८१ | ३८१ | ९५२५००० | ० | ० | ३५९ | ८९७५००० | २२ | ५५०००० |
| १० | ४६५ | ४६५ | ११६२५००० | ० | ० | ४४४ | १११००००० | २१ | ५२५००० |
| ११ | ५८० | ५८० | १४५००००० | ० | ० | ५५४ | १३८५०००० | २६ | ६५०००० |
| १२ | ५८४ | ५८४ | १४६००००० | ० | ० | ५६१ | १४०२५००० | २३ | ५७५००० |
| १३ | ८११ | ८११ | २०२७५००० | ० | ० | ७७६ | १९४००००० | ३५ | ८७५००० |
| १४ | ८१३ | ८१३ | २०३२५००० | ० | ० | ७६३ | १९०७५००० | ५० | १२५०००० |
| **जम्मा** | ७३५४ | ७३५४ | १८३८५०००० | ० | ० | ६९९६ | १७४९००००० | ३५८ | ८९५०००० |

सैद्धान्तिक बेरुजु

५६.३ आवास निर्माण अनुदानः कार्यविधीको दफा ५ मा अस्थायी आवास अनुदान रकम लिएर आवास निर्माण सम्पन्न नगर्ने लाभग्राही र निजका परीवारलाई नेपाल सरकारबाट उपलब्ध गराईने पुर्ननिर्माण अनुदान सम्बन्धि अनुदान सरकारी बाँकी सरह असुल गर्नुपर्ने उल्लेख छ। साथै आवास निर्माण सम्बन्धमा आवश्यक अनुगमन गर्ने जिम्मा स्थानीय तहलाई रहेको देखिन्छ। छनौट भएका लाभग्राहीहरु मध्ये वडाका आधारमा आवास निर्माणको काम भए नभएको तथा काम सुरु गरे वा नगरेको अनुगमन मार्फत यकिन गरी अनुदान रकमको सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५६.४ लाभग्राही छनौटः भूकम्पबाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० को नियम ३ मा लाभग्राही छनौट तथा पहिचान सम्बन्धि व्यवस्था छ। सो व्यवस्था अनुसार भुकम्प गएका बखत एउटै आवासमा बसोबास गर्ने एउटा परिवारलाई एउटा मात्र लाभग्राही मानी अनुदान उपलब्ध गराउने उल्लेख छ। स्थानीय विपत जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिले स्वघोषणा र वडाको सिफारिसको आधारमा आवश्यक जाँचबुझ गरी लाभग्राही यकिन गर्नुपर्ने देखिन्छ। जनगणना २०७८ को अन्तिम प्रतिवेदन अनुसार यस पालिका भरिमा कुल २८९५६ जनसंख्या र ६८३७ घरपरिवार रहेकोमा ७३५४ लाभग्राही छनौट भई पहिलो किस्ता ७३५४ लाभग्राही र दोस्रो किस्ता ६९९६ लाभग्राहीलाई निकासा भएको छ । ३५८ जना लाभग्राहीलाई दोस्रो किस्ता भुक्तानी

दिन बाँकी जनाएको छ । पालिकाले वास्तविक रुपमा भुकम्प प्रभावित परिवारको पहिचान गरी सोही आधारमा अनुदान रकम वितरण गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५७ **नगर अस्पताल संचालन तथा व्यवस्थापन**

नगरपालिकाले नगर भित्र स्वास्थ्य सेवा प्रदान गर्न १५ शैया नगर अस्पताल संचालन गरेको छ । अस्पतालको संचालन तथा व्यवस्थापन पालिका आफैले गर्दै आएको छ । सहिद स्मृति नगर अस्पताल विकास कोष तथा फार्मेसी ग-२-७ खाता कोष खातामा औषधी बिक्री ,अस्पताल सेवा लगायतका शिर्षकबाट रु.९५,७३,६९२।- आय प्राप्त गरेको छ।त्यस्तै औषधी खरिद, मसलन्द खर्च, ल्याब तथा एक्सरे सामाग्री ,अतिरिक्त समय भत्ता जस्ता शिर्षकमा जम्मा रु.६,९८०,५००।– खर्च गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

५७.१ सेवा प्रवाह : अस्पतालले नेपाल सरकारबाट स्वीकृत १५ शैया अस्पतालको सेवा प्रदान गर्दै आएको छ । विगत ३ वर्षको सेवा प्रवाहको स्थिती देहायअनुसार छ ।

| सि.न | विवरण | आ.ब. | | |
|---|---|---|---|---|
| | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | जम्मा ओ.पि.डी.सेवाग्राही | ११९३८ | ८१७७ | १७४७७ |
| २ | जम्मा एक्सरे | १६७१ | १८६२ | १७२२ |
| ३ | ईमरजेन्सीसेवाग्राही | ४८७ | २५० | १४० |
| ४ | प्रयोगशाला सेवाग्राही | ७१६७ | ६८३८ | ७९८८ |
| ५ | इ.सि.जि. सेवा | १०४ | ८८ | १५१ |
| ६ | अन्तरंग विभाग सेवा | ५५३ | ५०५ | ४५७ |
| ७ | २३ महिना भित्रपूर्णखोप | ८५ | ८७ | ६७ |
| ८ | निःशुल्क स्वास्थ्यसेवा | ० | १४ | ३६ |
| ९ | जम्मा सेवाग्राहीसंख्या | ११९३८ | ८९७७ | १७४७७ |

गत वर्षको तुलनामा ओपिडी सेवा, एक्सेरे सेवा , प्रयोगशाला सेवा लगायत समग्र सेवामा वृद्धिभएकोमा अस्पतालको विद्यमान जनशक्ति, शैय्या संख्या र भौतिक सुविधालाई ध्यान दिई सेवा प्रवाह विस्तार गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५७.२ औषधी सोझै खरिद : सार्वजनिक खरिद नियमावली, २०६४ निमय ८५ अनुसार लागत अनुमान रु. १० लाख सम्मको निर्माण कार्य वा मालसामान र ५ लाख सम्मको परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न सकिने, नियम ८४ अनुसार निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा रु. १० लाख भन्दा वढी भएमा सिलवन्दी दरभाउपत्र र रु. २० लाख भन्दा वढी भएमा नियम ३१ अनुसार वोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने उल्लेख छ।पालिकाले २ महिनाको अवधिमा ७ वटा टुक्रा पारी विभिन्न ६ आपूर्तकबाट बोलपत्रमा उल्लेख गरे भन्दा बढी दरले औषधी खरिद गरेको देखियो। उक्त खरिद कार्य प्रतिस्पर्धात्मक मूल्यमा नभएको देखिन्छ।उक्त खरिद कार्य अनियमित देखिएको रु

| सि.नं | आपूर्तिकर्ताको नाम | खरिद पटक | रकम | खरिद मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | त्रिदेव मेडिसिन डिष्ट्रिव्यूटर्स | २ | १९२४८१५.५० | २०८२।०३।२२ | PAMS मा दाखिला नगरेको |
| २ | ग्रिन सर्जिकल्स | १ | १३५९७८ | २०८२।०३।२५ | PAMS मा दाखिला नगरेको |
| ३ | सत्कार मेडिसिन सप्लायर्स | १ | ९९९७१२.०७ | २०८२।१।२१ | PAMS मा दाखिला नगरेको |
| ४ | बि.एस. सर्जिकल एण्ड केमिकल सेन्टर | १ | ९५०२३६ | २०८२।१।२१ | PAMS मा दाखिला नगरेको |
| ५ | तारा गंगा मेडिसिन सप्लायर्स | १ | ४५७१८८ | २०८२।०३।२५ | ब्याच नं उत्पादन र म्याद समाप्त हुने मिति उल्लेख नगरेको । |
| ६ | रारा मेडिसिन एण्ड सर्जिकल डिष्ट्रिव्युटर्स | १ | ९९५७५२ | २०८२।०२।२६ | PAMS मा दाखिला नगरेको |
| जम्मा | | **७** | **५४६३६८२** | | |

| अनियमित भएको | ५४,६३,६८२ |
|---|---|

५७.३ पाम्सको प्रयोग : नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७ कार्तिक २० को निर्णय तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ७८ बमोजिम महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) लाई २०७७ श्रावणबाट सबै सरकारी कार्यालयहरुमा अनिवार्य रुपमा लागू गरेको छ । कार्यालयले सम्पत्तीको लेखांकन गरी सम्बन्धित मन्त्रालयमा प्रतिवेदन गर्ने र सम्वन्धित मन्त्रालयले मन्त्रालयगत विवरण एकिकृत गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गरेपछी मात्र सम्पत्तीको एकिकृत प्रतिवेदन तयार गर्न सकिनेमा अस्पतालले PAMS को प्रयोग पूर्ण रूपमा गरेको देखिएन । यो वर्ष औषधी खरिद, सवारी साधन इन्धन, मर्मत लगायतको खर्च गरेकोमा सो खर्चको अभिलेख पाम्समा राखेको छैन। PAMS को पूर्ण रुपमा प्रयोग गरी सार्वजनिक सम्पत्तीको संरक्षण तथा प्रभावकारी उपयोग गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७.४ सप्टवेयर प्रयोगको अनुमती : नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । अस्पतालले मेराकी टेक प्रालीबाट रु.२,०४,२००।- को Hospital billing and ticketing, lap, pharmacy, In-patient and outpatient System सप्टवेयर पोर्टल निर्माण गरी खर्च लेखेको छ । उक्त सफ्टवेयर प्रयोगको लागि सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन ।तसर्थ अस्पतालले निर्देशिकामा तोकिए बमोजिम सूचना प्रविधि विभागबाट स्वीकृति लिई सफ्टवेयरको प्रयोग गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७.५ नगर अस्पतालको दरबन्दी र पद पूर्ति : नगरपालिका अन्तर्गत सञ्चालित यस अस्पताल नेपाल सरकारबाट स्वीकृत ५ शैया सेवा प्रदान गर्दै आएकोमा उक्त अस्पतालको संगठन संरचना र दरबन्दी १८ जना दरबन्दी स्वीकृत गरेको छ। यस बर्ष यस नगर अस्पतालमा कार्य बोझ भएको जनाई नगरपालिकाको स्वीकृत दरबन्दी भित्र रही १ जना एम.बि.बि.एस डाक्टर सहित ५ जना स्थायी र १६ जना समेत

२२ जना कर्मचारी पदपूर्ति गरी रु.९१,२२,१००।– तलब भत्तामा खर्च भएको छ। अस्पताललमा यस बर्ष १७४७७ जनाले स्वास्थ्य सेवा लिएको अवस्था छ।उक्त अस्पतालले सेवाको वितरणमा बढ्दै गएको चाप तथा जनशक्तिको व्यवस्थापनमा रहेको समस्यालाई समाधान गर्न संघ, प्रदेश र स्थानीय तह वीच समन्वय गरी अस्पताल सक्षम जनशक्ति पदपूर्ति गर्ने तर्फ नगरपालिकाबाट पहल हुनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७.६ स्वास्थ्य बीमातर्फ शोधभर्ना : स्वास्थ्य बिमातर्फ शोधभर्ना हुने गरी खर्च भएको औषधि तथा अन्य खर्च रकम सोधभर्ना लिनु पर्दछ । निशुल्क स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत यस बर्ष रु. ९१,५९,००२।- सोधभर्ना माग गरेको छ। उक्त माग दावी गरेको रकम स्वास्थ्य बिमा बोर्डसँग समन्वय गरी शोधभर्ना प्राप्त गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७.७ बढी दरमा खरिद : नगरपालिका तथा अस्पतालले युनिग्लोब हेल्थ केयर प्रा.लि सँग बोलपत्र विधिबाट मिति २०८१।०८।०९ मा सम्झौता गरी रु.२०,१८,८६९।९३ औषधि खरिद गरेकोमा रारा मेडिसिन एण्ड सर्जिकल डिस्ट्रीब्युटर्स सँग उक्त दररेट भन्दा बढी दरमा सोझै औषधी खरिद गरेको देखियो। लेखापरीक्षणको क्रममा नमुना छनौट गरि दरको विश्लेषण गर्दा अनुसूचीमा संलग्न औषधीहरु खरिद गर्दा रु.६६९३८४।८० बढी व्ययभार पारेको देखिएकाले उक्त्त रकम नियमित गर्नुपर्ने देखिएको रु.

**(विस्तृत विवरण बेरूजु दफा ५७.७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| अनियमित भएको | ६,६९,३८४.८ |
|---|---|

५७.८ औषधिको म्याद : पालिका तथा नगर अस्पतालले औषधि तथा स्वास्थ्य सामाग्री खरिदको लागि सिलबन्दी दरभाउ पत्रको सूचना प्रकाशन गर्दा सूचनाको बुँदा नं.६ मा सप्लायर्सबाट आपूर्ति हुने औषधिको स्टोर दाखिला गर्दाको मितिसम्म म्याद कम्तीमा २ वर्ष वा उत्पादन मिति २ वर्ष भन्दा कम भएमा ८० प्रतिशत म्याद बाँकी हुनुपर्ने उल्लेख छ । तर सम्झौता गर्दा उत्पादन मितिबाट ८० प्रतिशत म्याद बाँकी हुनुपर्ने उल्लेख गरेको छ । जसअनुसार सूचना प्रकाशन गर्दा भन्दा फरक हुने गरी सम्झौता गरेको उपयुक्त देखिएन । साथै सप्लायर्सबाट अस्पताललाई आपूर्ति गरिएका औषधिहरूको वीजक तथा जिन्सी दाखिलामा ब्याच नं., उत्पादन मिति र म्याद समाप्त हुने मिति उल्लेख भएको देखिएन । जसबाट सूचना तथा सम्झौता अनुसार म्याद बाँकी रहेको औषधि स्टोर दाखिला भएको यकिन गर्न सकिएन।तसर्थ सूचना प्रकाशन भए अनुसार सम्झौतामा सर्त व्यवस्थित गर्ने तथा औषधिको म्याद, ब्याच नं. र उत्पादन मिति देखिने गरी जिन्सी दाखिला गर्ने तर्फ ध्यान दिनु पर्दछ। साथै यस नमुना छनौट गरिएका देहायका नगरपालिकाबाट खरिद गरेका तथा जिल्ला अस्पातलबाट प्राप्त भएका देहाय बमोजिमका औषधिहरु खरिद सम्झौता बमोजिम तथा आपसी समन्वयबाट फिर्ता गरी सोधभर्ना लिनुपर्ने देखिन्छ।

**(विस्तृत विवरण बेरूजु दफा ५७.८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| सैद्धान्तिक बेरुजु |
|---|

५७.९ अतिरिक्त भता : अतिरिक्त समयमा काम गरे वापतको प्रोत्सहान भत्ता र जोखिम सम्बन्धी कार्यविधि ,२०८० अनुसार प्रोत्सहान भत्ता र जोखिम भत्ता दिन सकिने व्यवस्था छ। पालिकाले अस्पताल तर्फ कार्य गर्ने स्वास्थ्यकर्मी तथा कर्मचारीलाई अतिरिक्त्त प्रोत्साहन भत्ता र जोखिम भत्ता समेत यस बर्ष रु.११,१२,७००।– भुक्तानी दिएको देखियो।पालिकाले कार्यसम्पादन सूचक तयार गरी विद्युतीय हाजिरीमा अभिलेखसँग आवद्ध गरी अतिरिक्त्त समय प्रोत्सहान भत्ता वितरण गरिनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ५८ पुस्तकालय, विज्ञान प्रयोगशाला र ICT व्यवस्थापन

कार्यक्रम कार्यान्वियन कार्यविधि अनुसार यस प्रकारको अनुदान उपलब्ध गराउदा पुस्तकालय, विज्ञान प्रयोगशाला र ICT को सुविधा नभएका विद्यालय, विद्यार्थी संख्या उच्च रहेका विद्यालय, कम्प्युटर विषय अध्यापन गर्ने विद्यालय र आवश्यक कक्षाकोठा रहेका

विद्यालयलाई दोहोरो नपर्ने गरि अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार हालसम्म देहायबमोजिमका विद्यालयहरुमा पुस्तकालय, विज्ञान प्रयोगशाला र ICT व्यवस्थापन सम्पन्न भएको छ । अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रकृया अनुरुप कार्यान्वियन गरे नगरेको नियमित रुपमा अनुगम गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

५९ **नगर बस**

पालिकाको नाममा ५ वटा यात्रु वस रहेको मध्ये आर्थिक वर्ष २०७५।७६ मा ३ वटा वस रु. ९४१५०००।०० मा र आर्थिक वर्ष २०७८।७९ मा २ वटा वस रु. ९८५००००।०० समेत ५ वटा वस रु. १९२६५०००।०० मा खरिद भएको देखिन्छ। कार्यालयबाट प्राप्त विवरण अनुसार यसवर्ष उक्त वसहरु संचालनबाट रु.९६,३५,७७९।-- भाडा आम्दानी भएको छ। वस संचालनमा देहाय बमोजिम चालकको तलब भत्ता, मर्मत, इन्धनमा बार्षिक रु.१,१७,३४,६३९।- खर्च भएको छ । सोको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छन

| | | **आम्दानी** | **खर्च** | | | |
|---|---|---|---|---|---|---|
| **सि.न** | **बस नं** | **जम्मा भाडा आम्दानी** | **चालक तथा सहचालक पारिश्रमिक** | **मर्मत खर्च** | **इन्धन खर्च** | **कुल खर्च** |
| **१** | भे १ ख ३९०७ | ३९९१६०० | ६४९५३६ | ४०७६५१ | २३५४७१२ | ३४११८९९ |
| **२** | भे १ ख ३९०६ | १५१९९०० | ६४९५३६ | ४९५९९६ | ११११९०० | २२५६६३२ |
| **३** | क.प्र.०२००१ ख १७७ | १३८४०६९ | ५९८०६८ | ७६८०२२ | ९४००४८ | २३०६१३८ |
| **४** | क.प्र.०२००१ ख १७८ | १७४१४८५ | ५९८०६८ | ४२२६६१ | १०५४८४८ | २०७५५७७ |
| **५** | क.प्र.०२००१ ख १७९ | ९९८७२५ | ५९८०६८ | ५०४३५८ | ५८१९६७ | १६८४३९३ |
| जम्मा | | **९६३५७७९** | **३०९३२७६** | **२५९८६८८** | **६०४२६७५** | **११७३४६३९** |

५९.१ राजश्वअभिलेखः नेपालको सरकारी लेखा फारामहरु, २०७६ अनुसार कार्यालयले राजश्व आम्दानीको दैनिक गोश्वारा खाता (म.ले.प.फा.नं १०५), राजश्व आम्दानी दैनिक नगद प्राप्त गोश्वारा खाता (म.ले.प.फा.नं १०६), राजश्व आम्दानीको दैनिक भौचर प्राप्त गोश्वारा खाता (म.ले.प.फा.नं १०७) लगायतका राजश्व आम्दानीको स्रेस्ता खडा गरी आम्दानीको अभिलेख राख्नु पर्नेमा नराखेको एवं वस टिकटको नगदी रसिद नियन्त्रण खाता समेत अद्यावधिक नगरेको हुँदा आम्दानी र दाखिला सम्बन्धमा यकिन गर्न सकिएन। पालिकाले राजश्व सम्बन्धी अभिलेखहरु दुरुस्त रुपमा राख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

५९.२ भाडा आम्दानी तथा खर्च : नगर बस सञ्चलनबाट गत बर्ष रु.१,१२,५२,२९५। आम्दानी गरेकोमा यस बर्ष रु.९६,३५,७७९।- आम्दानी गरेको जुन गत बर्ष भन्दा रु.१६१६५१६।- अर्थात १४.३६ प्रतिशतले घटी आम्दानी हो ।त्यस्तै खर्च तर्फ गत बर्ष चालकको तलब भत्ता, मर्मत र इन्धनमा रु. १,०४,०४,०३९।– खर्च गरेकोमा यस बर्ष रु. १,१७,३४,६३९।– खर्च गरेको छ जुन गत बर्ष भन्दा रु.१३,३०,६००।– अर्थात १२.७८ प्रतिशतले बढी छ।खर्च बढदै गएको तुलनामा आम्दानी घट्नका कारणहरु सम्बन्धमा पालिकाले छानविन तथा विश्लेषण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५९.३ चौरजहारी नगरपालिकाको नगर वस सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७६ को परिच्छेद २ बुँदा नं ६(१)(घ) अनुसार विद्यार्थी,सत्तरी बर्षको नागरिक,अपाङ्गता भएका व्यक्ति तथा सहिद परिवारलाई वसको टिकट दरमा ५० प्रतिशत छुट दिने व्यवस्था

रहेकोमा छुट दिने टिकट छपाइ गरेको पाइएन।छुट सुविधाको अभिलेख व्यवस्थित गरेको छैन। पालिकाले छुट दिने टिकट समेत छपाइ गरी आम्दानीलाई पारदर्शी बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५९.४ चौरजहारी नगरपालिकाको नगर वस सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७६ को परिच्छेद १० बुँदा नं १९(१) अनुसार सवारी चालक, सेवा प्रदायक व्यक्ति संस्था कम्पनीले सर्वशुलभ, गुणस्तरीय र विश्वसनीय नगर वस सेवा सञ्चालन गरे नगरेको, चालक, परिचालक तथा यात्रुले प्रचलित कानुन तथा निर्देशिका बमोजिमको कार्य गरे नगरेको अनुगमन गरी कानुन बमोजिम कारवाही गर्न गराउन र आवश्यक कारवाहीको सिफारिश गर्न नगर वस सञ्चालन तथा व्यवस्थापन अनुगमन समिति हुने र उक्त अनुगमन समितिले परिच्छेद ११ को बुँदा नं २० बमोजिम अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्देशिका बमोजिम अनुगमन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ६० **चौरजहारी उद्योग वोर्ड**

चौरजहारी नगरपालिकाले २०७९/१०/७ को नगरसभाको निर्णयबाट चौरजहारी नगरपालिकाको उद्योग संचालन तथा व्यवस्थापन ऐन, २०७९ जारी गरी चौरजहारी नगरपालिका वडा नं. ११ रुकुम (पश्चिम) स्थित नमुना कृषि सहकारी संस्था लिमिटेडको नाममा रहेको जग्गा भवन र उपकरण यसै ऐनको दफा ६ बमोजिम गठित उद्योग संचालन बोर्डले ३० वर्षका लागि भाडा सम्झौता गरी उद्योग संचालन गर्ने गरी व्यवस्था गरेको र सोही ऐनको दफा २५ मा वोर्डको एक छुट्टै कार्यालय हुने ब्यवस्था गरेवमोजिम एक वोर्डको कार्यालय खोली कार्यकारी अधिकृत १ र लेखा सहायक सहित ३ जना कर्मचारी भर्ना तथा पदपुर्ति गरिएको छ ।यस सम्बन्धमा थप ब्यहोरा देहाय वमोजिम छन्।

६०.१ लेखा तथा लेखापरीक्षण: उद्योग संचालन तथा व्यवस्थापन ऐन, २०७९ दफा २२।५ मा उद्योगको काम कारवाहीको वास्तविक स्थिति थाहा हुनेगरी मालसमानको खरिद विक्री उद्योगको नगद जिन्सी जायजेथा दायित्व आदिको विस्तृत विवरण स्पष्ट रुपमा खोलेको हुनुपर्ने उल्लेख छ । त्यसैगरी दफा २३ मा उद्योग संचालन कोषको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण नगर कार्यपालिकाले तोकेवमोजिम हुने र अन्तिम लेखापरीक्षण महालेखापरीक्षक कार्यालय बाट हुने उल्लेख छ ।नगर कार्यपालिकाले आन्तरीक लेखापरीक्षक नियुक्त नगरेको, उद्योग वोर्डको कार्यालयले लेखापरीक्षणको लागि चाहिने आधारभूत विवरण वासलात, आयविवरण र नगद प्रवाह लगायतका वित्तीय विवरण तयार नगरेकोले विस्तृत लेखापरीक्षण कार्य गरी छुट्टै प्रतिवेदन जारी हुन सकेन।नगरपालिकाको कार्यालय मार्फत वोर्डले उपलब्ध गराएको मौज्दातको विवरण, विउँ पूँजी कोष खाता तथा उद्योग कोष संचालन खाताको आम्दानी र खर्च विवरणको आधारमा देहाय वमोजिम तथ्यहरु नगरपालिकाको प्रतिवेदनमा साथ संलग्न गरिएको छ।

सैद्धान्तिक बेरुजु

६०.२ वित्तीय स्थिति र सञ्चालन नतिजा - गत वर्ष उधोग संचालन कोष खाता र विउँपूँजी कोष खातामा गरेर कुल मौज्दात रु.९०४०२४४ रहेकोमा यस आर्थिक वर्षमा आम्दानी तर्फ पोशाक तथा स्टेशनरी विक्रीबाट रु.२३९९५३० र विउँ प्रशोधन मेशिन भाडाबाट रु. ७०००० समेत रु.२४६९५२९ आम्दानी भएकोमा चालुखर्च रु.२३६८२४२ हुन गई अन्तिम मौज्दात रु.९१६८५०५ कायम हुन गएको छ । खर्च तर्फ कर्मचारी तलब भत्तामा रु.९८२८२९, कपडा सिलाई ज्यालामा रु.२३१६००, कापी र कपडाको कच्चा पदार्थ खरिदमा रु.८८५१६१ र अन्य विद्युत मर्मत तथा विविध गरी जम्म रु.२३४१२६८ खर्च भएको पालिका मार्फत प्राप्त खर्चको फाँटबारीबाट देखिन्छ ।

| आर्थिक वर्ष | गतवर्षको मौज्जात | आय | ब्यय | अन्तिक मौज्दात |
|---|---|---|---|---|
| २०७९।८० | १२७००० | ० | २४००००० | १०३००००० |
| २०८०।८१ | १०३००००० | ११९९७४४ | २५२८२५० | ९०४०२४४ |
| २०८१।८२ | ९०४०२४४ | २४६९५२९ | २३४१२६४ | ९१६८५०५ |

सैद्धान्तिक बेरुजु

६०.३ विउँ पूँजीकोष: पालिकाबाट उद्योग बोर्ड गठन पछि विउँ पूँजीको रुपमा अनुदान दिएको १२७००००० बाट आर्थिक वर्ष २०७९।८० र आर्थिक वर्ष २०८०।८१ समेत गरी रु.३५३१४९५ तलब भत्ता लगायतको नपुग चालु खर्चमा प्रयोग गर्दा हाल विउँ पूँजीकोष संकुचित हुन गई ९१६८५०५ कायम हुन गएको छ । उक्त ९१६८५०५ रकम मध्ये हाल विउँ पूँजीकोष खातामा ७९८६५९७ र वाँकी १४८५३०३ उधोग कोर्ष संचालन खातामा समेत ९१००७५५ मौज्दात रहेको बैङ्क स्टेटमेन्टबाट देखिन्छ ।उक्त वीउँ पूँजी कोषको उपयोग र संचालन गर्दा चालु खर्चमा समेत उपयोग गर्न सकिने ब्यवस्था कार्यविधिमा हुँदा वीउँ पुँजी कोष घटदै गएको देखिन्छ । यसको वीउँ पुँजी कोषको चालु खर्चमा उपयोग सम्बन्धमा पालिकाले पुर्नविचार गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६०.४ स्थिर सम्पत्ती: पालिकाले उद्योग वोर्ड स्थापना गर्ने क्रममा रु.४०७०७९६।४६ दाना बनाउने मेशिन, ७४५००० जुस मेकिङ मेशिन १९७५००० को प्रिटिङ अफसेट मेशिन १५४२००० को बुक मेकिङ मेशिन १७३९००० को गामेन्ट मेशिन र ३१७०००० को मिनि ट्रक समेत १५९६३१३६.४६ रुपैयाँको स्थिर पूँजीगत सम्पत्ती खरिद गरी हस्तातरण गरेको पालिकाबाट प्राप्त जिन्सी अभिलेखबाट देखिन्छ । उक्त सम्पत्तीहरु समावेश गरी वोर्डले आफ्नो वासलात तयार नगरेकोले उक्त सम्पत्तीहरुको उपयोगको, मर्मत संभार तथा ह्रास कट्टीको अवस्था यकिन हुन सकेन। वोर्डले आफ्नो स्थिर सम्पत्ती सहित सम्पत्ती तथा दायित्वको यथार्थ अवस्था खुल्नेगरी वासलात तथा वित्तीय विवरण तयार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६०.५ तयारी वस्तु तथा कच्चा पदार्थको मौज्दात: चौरजहारी उधोग वोर्डको कार्यालयले चौर जहारी नगरपालिकामा २०८२।०१।२८ पेश गरेको विवरण अनुसार रु.३६८७५० तयारी कापी समेत रु.१३३६०५० को कापी उत्पादन सम्बन्धी कच्चा पदार्थ रहेको देखिन्छ । त्यसैगरी गार्मेन्ट तर्फ २००५२१४ को कपडा लगायतको कच्चा पदार्थ रहेको देखिन्छ।उपरोक्त तयारी वस्तुको विक्री तथा कच्चा पदार्थको उपयोग गर्न वोर्डले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६०.६ नगरपालिकाको जिम्मेवारी: उद्योग संचालन तथा व्यवस्थापन ऐन, २०७९ दफा ७ मा नगर प्रमुखको अध्यक्षतामा उद्योग संचालन वोर्डको गठन हुने, कार्यकारी अधिकृत वोर्डको सदस्य सचिव हुने ब्यवस्था छ । त्यसैगरी दफा ९ मा उद्योग संचालन वोर्डको काम कर्तब्य अधिकारमा सुब्यवस्थित ढङगले उद्योग संचालनको लागि नीतिगत कानूनी एवंम संस्थागत ब्यवस्थाको लागि उपयुक्त निर्णय गरी नगर कार्यपालिकामा पेश गर्ने, उद्योग वोर्डको कार्यालयले गरेका निर्णयहरु अनुमोदन गर्ने, मापदण्ड अनुसारका भौतिक संरचना निमार्ण जनशक्ति ब्यवस्थापन औजार तथा उपकरणको ब्यवस्था लगायतका कार्य गर्न आवश्यक सहजीकरण र समन्वय गर्ने उल्लेख छ ।त्यसैगरी दफा १६ मा उधोग वोर्ड पालिकाको पूर्ण स्वामित्वमा रहने उल्लेख छ ।पालिकाबाट प्राप्त विवरण अनुसार उद्योग संचालन वोर्डमा स्थिर सम्पत्ती खरिदमा रु. एक करोड ५९ लाख र विउँ पूँजीको रुपमा रु. एक करोड २७ लाख समेत दुई करोड ८६ लाख लगानी भई सकेको छ ।सो वाहेक तयारी तथा कच्चा पदार्थको मौज्दातमा भएको लगानी रु.३३ लाख ४१ हजार २६४ समेत जोडदा उक्त सम्पत्ती रु.३ करोड १९ लाख वढी लगानी भएको देखिन्छ ।वोर्डमा विगत देखि हाल सम्म गएको नगद तथा वस्तुगत अनुदानको एकिकृत

अभिलेख राखी त्यसलाई पालिकाले आफ्नो वित्तीय विवरणमा लगानीको रुपमा समावेश नगरेकोले लगानीको यथार्थ अवस्था यकिन गर्न सकिएन। पालिकाले आफ्नो वित्तीय विवरणमा लगानी यथार्थ स्थिती समावेश गर्ने तथा वोर्डको प्रभावकारी संचालन मार्फत लगानी सुरक्षित गरी दिगो प्रतिफलको सुनिश्चित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६०.७ दर्ता तथा संचालनको अवस्था: चौरजहारी नगरपालिकाले २०७९/१०/७ को नगरसभाको निर्णयबाट चौरजहारी नगरपालिकाको उद्योग संचालन तथा व्यवस्थापन ऐन, २०७९ जारी गरी सोही ऐनको दफा ६ मा वोर्ड अविच्छिन उत्तरधिकारवाला एक स्वशासित र संगठित संस्था हुने उल्लेख छ। त्यसैगरी वोर्डको काम कारवाहीको निम्ती आफ्नो छुट्टै छाप हुने, वोर्डले ब्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न उपयोग गर्न वा अन्य किसिमले ब्यवस्था गर्न सक्ने उल्लेख छ । तर वोर्ड गठन भएको २ वर्ष ७ महिना ब्ययतित हुँदा सम्म उद्योग संचालन तथा ब्यवस्थापन वोर्डको कार्यालयले उद्देश्य तथा पूँजी संरचनाका आधारमा दर्ता हुनुपर्ने उद्योग विभाग।घरेल तथा साना उधोग विभागमा दर्ता भएको देखिएन। त्यसैगरी कच्चा पदार्थ तथा तयारी वस्तु खरिद विक्री गर्नु अगाडी आयकर ऐन २०५८ तथा मूल्य अभिवृद्धि कर ऐन २०५२ अनुसार स्थायी लेखा नम्बर लिई कारोबार गरेको समेत देखिएन ।उधोग संचालन गर्नु अगाडि हुनुपर्ने दर्ता प्रक्रिया र कारोबार गर्नु अगाडि लिनुपर्ने स्थाई लेखा नम्बर नहुँदा वोर्डको खरिद तथा विक्री सुचारु र ब्यवस्थित हुन नसकेको र उत्पादनकार्य प्रभावित भएको देखिन्छ ।तर्सथ प्रक्रिया पुरा गरी सम्बन्धित निकायहरु दर्ता भई कारोबार संचालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

# अनुगमन लेखापरीक्षण

६१ अध्यावधिक वेरुजु

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८२ सम्मको बाँकी बेरुजु रु.२९९५८३४५० मध्ये रु.२३२८२५६२ फर्स्यौट गरी सम्परीक्षणका लागि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षण गरी प्रणाली मार्फत जानकारी पठाएको छ।

**(ख) अध्यावधिक बेरुजुको अवस्थाः** यस **चौरजहारी नगरपालिका, रुकुम** को २०८२ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B) | यो वर्ष कायम बेरुजु(C) | सम्परीक्षणबाट कायम बेरुजु(D) | अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | २९९५८३४५० | २३२८२५६२ | १५६५४०५७.९३ | ० | २९१९५४९४५.९३ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : चौरजहारी नगरपालिका, रुकुम , रुकुम पश्चिम भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Sher Prasad Dhakal | २०७९-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रामलाल शर्मा | २०७९-५-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३०७,०२७.१३ | १३,५४७,०३०.८ | १,८००,००० | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | १५,६५४,०५७.९३ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | २९७,७७६.२१ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १२९५२९९९३.७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३७४११४८४०.०२ | चालु खर्च | ३८४०१९६१६ |
| प्रदेश सरकारबाट अनुदान | ७२४६५६५२ | पूँजीगत खर्च | १५५२९४३४७.६ |
| राजश्व बाँडफाँट | ९०८२८३५४.८८ | वित्तीय/अन्य व्यवस्था | ३५९४७६२९८.३९ |
| आन्तरिक आय | २६७२९८३४.९८ | | |
| अन्य आय | २६५५६६९१६.७४ | | |
| कुल आय | ८२९७०५५९८.६२ | कुल खर्च | ८९८७९०२६१.९९ |
| बाँकी मौज्दात | | ६०४४५३३०.३३ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | पालिका चालुखर्च | चालु खर्च (ईन्धन, मर्मत र घरभाडा) विविध खर्च (अतिथि सत्कार लगायत) अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च तलब भत्ता खर्च र पदिधकारीको सुविधा सेवा र परामर्श खर्च तथा अन्य करार सेवा शुल्क तालिम र कार्यक्रम खर्च |
| २ | आन्तरिक आय | राजस्व तथा आन्तरिक आय |
